साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक २० २०८१ पुस २ गते मंगलबार (Dec. 17, 2024) मूल्य रू. १०/-

## २०२५ चीनको नेपाल भ्रमण वर्ष

प्रधानमन्त्रीको चीन भ्रमणपछि नेपालमा लगानी वातावरण बन्यो । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले यो भ्रमणका बेलामा लगानी वातावरण रहेको प्रचारप्रसार गर्न सफल भएको बीआरआईको कार्यान्वयनबारे न्युज एजेन्सी नेपालको कार्यक्रममा यस्तो बताएका हुन् । भ्रमणका बेलामा निजी क्षेत्रले लगानीको सम्भावित क्षेत्र, विद्यमान कानून, निजी क्षेत्रले लिने पहलबारेमा चिनियाँ व्यवसायीहरूलाई जानकारी गराएको भनेका छन् ।



नेपालमा चिनियाँ बैंक खोल्ने, पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलमा चीनका प्रमुख शहरबाट सिधा उडान गर्ने र क्रेडिट रेटिङमा सुधार तथा २०२५ लाई चीनले नेपाल भ्रमण वर्ष घोषणा गर्नु पर्यटनका लागि सुखद् रहेको बताएका छन् । उनले सडक, हवाई, रेल र सञ्चार सञ्जालबाट चीनसँग जोडिएर नेपालको समुन्नतिमा लाग्नुपर्ने विचार राखेका छन् ।

# सरकार ढल्ने चर्चा बढ्यो




५ महिना भयो ओली सरकार । ५ महिनामै दुई ठूला दल र अध्यक्षको सहमति टुट्ला र विश्वासघात भएर सरकार नै गिर्ने अवस्थामा पुग्ला र ? त्यसै पनि १७ महिनापछि ओलीले देउवालाई सत्ता हस्तान्तरण गर्छु भनिसकेका छन् । फेरि अस्थिरता किन ? कसका लागि सरकार ढाल्ने ?

'रअ'का पूर्व एजेण्टले नवभारत टाइम्समा ओली सत्ता महिना दिनभित्रै ढल्ने घोषणा गरिदिएपछि राजनीतिक र कूटनीतिक बृत्तमा यही चर्चा छ । सरकार कसरी ढल्छ ? धेरैको जिज्ञासा छ । किनकि सत्तासझेदार कांग्रेस सभापति शेरबहादुर देउवा ओलीप्रति आश्वस्त छन्, प्रम ओली देउवाप्रति विश्वस्त छन् । यो विश्वास चीन भ्रमणमा झन बलियो भएको अनुमान गरिएको हो । ओलीले अब भारत भ्रमणको होमवर्क थालिसकेका छन् । कसरी ढल्छ सरकार ?

अमेरिकी उपमन्त्री नेपाल आएर भनेका थिए- एमसीसी कार्यान्वयन भएको छ, बीआरआई कार्यान्वयन भएर के फरक पर्छ । नेपालको आवश्यकताअनुसार विकास निर्माण हुनुपर्छ ।

तर विश्लेषक भन्छन्- पहिले भारत भ्रमण नगरेर ओलीले गल्ती गरे । चीन जानु भनेको नेपाल चीनतिर ढल्केको अर्थ लगाए । नेपालले चाइना कार्ड खेलेको भन्ने आरोप लगाइरहेका छन् । यथार्थमा नेपालले चाइना कार्ड खेलेको होइन । नेपालमा विश्वशक्ति पसेका छन् । अमेरिका, भारत, इयु, अष्ट्रेलिया, बेलायत सबैले आआफ्ना एजेण्डा प्रयोग गरिरहेका छन् भने चीनले आफ्नो प्रभाव बढाउनु स्वभाविक हो । नेपाल भारत र चीनको छिमेकी हो । छिमेकीले नेपाली पार्टीहरूमा समेत प्रभाव बढाएका छन् । यो विषयलाई उछाल्नुको कुनै तुक छैन । १६० देशमा कनेक्टिभिटीको योजना लागू भइसक्दा २०१७ मा सम्झौता भइसकेको बीआरआईमा नेपालले १० योजना कार्यान्वयन गर्न सम्झौता गर्नु स्वभाविक थियो । यसमा कांग्रेस सभापति र तत्कालीन सहीकर्ता प्रकाश शरण महतले सुरु गरेको सहमतिको निरन्तरता भनिसकेका छन् । कांग्रेस खुश छ ।

भारत रिसाउनुको कारण नेपाली नोटमा लिपुलेकसहितको चुच्चेनक्सा चीनमै छाप्न लागेको विषय पनि हो । भारत ती क्षेत्र भारतको भन्छ, नेपाली क्षेत्रलाई नेपालको हो भन्ने हैसियत नेपालले राखेको छैन । भारत नेताहरूलाई तर्साएर र मुठ्ठीको माखो बनाएर अस्थिरतामा राख्न चाहन्छ, चीनले नेपाललाई ल्याण्डलिङ्कमा राख्न सघाएको छ । बीआरआई ऋण होइन, एड हो भनेर चीनले विश्वलाई चकित पारिदिएको छ । एड भन्नाले ऋण, सहायता, प्राविधि सहयोगलाई पनि जनाउँछ । हो १७ खर्ब बजेट भएको नेपालको ऋणभारत २६ खर्ब पुगिसक्यो, ऋण थप्न सक्दैन । तर आवश्यकताअनुसार ऋण लिने बाटो खुल्लै छ । मुख्य सवाल नेपालले कस्तो ऋण लिने नलिने सहमतिमा गर्न सक्नुपर्छ । चीनले डडेलधुरा र झापामा पार्क बनाइदिने भनेर जुन चाल चलेको छ, त्यो साह्रै चलाखीपूर्ण अर्थपूर्ण पनि छ । सरकार आजै, भोलि नै, महिना दिनभित्र ढल्छ भन्ने आधार कांग्रेस र एमालेभित्रबाट चुहिएको छैन, अविश्वसनीय राजनीति छ, जुनसुकै बेला भूकम्प जानसक्छ ।

## हिमाली नेताहरूले आफ्नो र देशको शिर झुकाए




०४६ सालमा जो नेता थिए, सत्तामा थिए, आज पनि तिनै छन् । तर ३५ वर्षमा यिनले आफ्नो शिर झुकाए, देशको शिर झुकाए । आमनागरिकको घृणाको पात्र बनेका छन् । सुन्दर नेपालका असफल, अकर्मण्य र कुरूप नेता बन्नपुगे ।

भाते पाठशालामा पढेका रामचन्द्र पौडेल अर्वपति बने, भागबण्डे राजनीतिमा लागेर राष्ट्रपति बने । त्यो कांग्रेस हुनुको देनमात्र होइन, राजतन्त्रको खोइरो खनेका र इसाईकरणलाई बल पुर्‍याएकाले पनि हो । तिनै पौडेल आँखाभरि आँसु बोकेर राजनीतिबाट सन्यास लिन्छु भन्ने अवस्थामा पुगेका थिए, जीवनको उत्तरार्द्धमा सत्ताको शिर्ष स्थानमा छन् तर अलोकप्रिय छन् । यिनको झुकेको शिर उठेको छैन । राजनीतिका होनहार नेताहरूको दयनीय स्थिति छ । कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादीका अध्यक्ष प्रचण्ड, एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली, सबै भ्रष्टाचारमा डामिएका छन् । लोकतन्त्रका नाममा परिवारवाद चलाउने, सुख खोज्ने, सम्पत्ति जोड्ने र देश तथा जनताका लागि त्याग गर्न नसक्ने नेताहरूले स्वार्थको नालीतिर मुख जोतेर, टाउको झुकाएको कत्ति नसुहाउने ?

देउवा अवसरको खोजीमा छन्, ओली अवसर पाएर पनि चेतेका छैनन्, रामचन्द्र नामले मात्र राम छन्, डाइनामिक व्यक्तित्व भनेर चिनिएका प्रचण्ड पनि परिवारवादकै रन्थमोलमा परे । गणतन्त्र छ, यिनले नेतातन्त्र चलाए । यी कुनै नेताले राजनीतिलाई समाज परिवर्तनको औजार बनाउन सकेनन् । यी नेताहरू जनविश्वासको संकटमा छन्, पद्धति बिगार्नेहरू दण्डित हुनथालेको भेउ यी किन पाउँदैनन् ? विचार थियो, नासे । सिद्धान्त थियो सिध्याए । नैतिकता थियो, नैतिकपतन हुनपुगे । अग्रगमनका कुरा गर्छन्, यीभन्दा पश्चगमनकारी कोही होलान् ?

सशक्त पार्टीका अराजनीतिक अशक्त नेता हुन् यी । यिनले देशलाई लोकमार्गमा लगाउनु पर्ने हो, व्यक्तिवादी, परिवारवादी र अहंकारी बनेर शीर निहुराउन पुगे ।

## राजदूत भारतलाई किन घाँडो




नेपालले भारतका लागि राजदूत नियुक्त गरेका अर्थशास्त्री, कूटनीतिज्ञ शंकर शर्मालाई भारतले ३ महिनामा पनि स्वीकार गरेर एग्रिमो पठाएन । किन ? केही वर्षअघि माओवादी नेतालाई भारतले अस्वीकार गरेको थियो । यस अघिका राजद्यूत निलाम्बर आचार्यले घुमेर र आराम गरेर कार्यकाल पूरा गरेका थिए । शंकर शर्मालाई महत्व नदिनु भनेको नेपालप्रति भारतको अर्को ज्यादति हो । भारतले नेपाललाई महत्व दिन छाडेको संकेत पनि हो । त्यसै पनि विश्वमा नेपालको छवि धमिलिदो छ । भर्खर चीन भ्रमणमा गएर फर्केका प्रम केपी ओलीप्रति नकारात्मक धारणा पनि हुनसक्छ । भारतको सन्देशलाई नेपालले समयमै बुझ्नु बेश हुनेछ ।

## भारतको मानार्थ महारथी




१९५० देखिको परम्परा

भारतीय सेनाको मानार्थ महारथी स्वीकार गरेर प्रधानसेनापति अशोकराज सिग्देल स्वदेश फर्किएका छन् ।

प्रधानसेनापति अशोकराज सिग्देललाई भारतीय राष्ट्रपति द्रौपदी मुर्मुले भारतीय सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरेकी हुन् । कार्यक्रममा भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीलगायत उच्च सुरक्षा र सैन्य अधिकारी तथा दूतावासका अधिकारीहरूसमेत उपस्थिति रहेका थिए ।

## राप्रपा कता बरालियो ?



भ्रष्टाचार गरे आमाको रगत खाएसरह हुनेछ भन्ने लिङ्देनको सपथ कायमै छ कि सकियो ?

राजेन्द्र लिंगदेनले केही गर्लान् भनेको उनको नेतृत्वको राप्रपा कता बरालियो बरालियो । अब केही हुन्छ, केही गर्छ राप्रपाले भनेको पुरानै अनुहार देखियो ।

नेपाली कांग्रेसको अधिवेशन उद्घाटन समारोहमा राजेन्द्र कुर्लिएका थिए- गाउँमा कुनै कार्यक्रममा नेता आएको छ भन्ने थाहापाएपछि जनता भन्छन्- कुन चोर आएछ । राजेन्द्रको कुरामा प्रचण्डले प्रतिवाद गरे । माधव नेपालले राजाको बिरोध गरे, राजेन्द्रको झाँको झारे । प्रचण्ड र माधवले हामी चोर नै हौं त भनेर प्रश्न गर्दा तर उपस्थित निम्तालु, कांग्रेस भीडले हो हो भन्दै ताली बजाएर राजेन्द्रको कुरामा सहमति जनाएका थिए । एमाले अध्यक्ष केपी ओलीले त्यही सभामा भर्खरको बाच्छो भनेर होच्याएका थिए । त्यही समारोह र पहिले पनि राजेन्द्रले भनेका थिए- भ्रष्टाचार गरें भने आमाको रगत खाएसरह हुनेछ । आमजनताले उनलाई राम्रो मान्छन् तर उनले हाँकेको राप्रपाको हैसियत पालिका उपचुनावमा ४ भोटे, २० भोटे, जमानत जफल भएको देखियो । यसपछि प्रश्न उठेको छ- राप्रपा कता बरालियो ? उपचुनावमा बाच्छै देखियो । परिपक्व कहिले हुन्छ राप्रपा र राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना गराउँछ ?

रास्वपाका रवि लामिछाने, राजधानीका मेयर बालेन साह, राप्रपा अध्यक्ष राजेन्द्र लिंगदेनहरूले ठूला नेतालाई आफ्नो अनुहार ऐनामा हेर्न बाध्य पार्ने स्थिति सिर्जना गरेका थिए । इम्परर न्यू क्लथमा बादशाहले नयाँ लुगा लगाएँ भनेर नाङ्गै हिंडेका थिए, चाकरहरू क्या राम्रो, क्या राम्रो भनेर प्रशंसा गरेर थाक्दैनथे, त्यस्तै वातावरण सिर्जना गरेकै हुन् । देशको बेहालत र जनताको आवाज बोलेकाहरू कमजोर हुँदै गएका छन् । यी आफै तमासा बन्न पुगेका छन् ।

राष्ट्रलाई दह्रो आधार चाहिएको हो । त्यो आधार दिन नयाँ अनुहारले सकेनन् । पुराना अनुहार लोकतन्त्रलाई भागबण्डा, लुटतन्त्र बनाउन व्यस्त हुनथालेका छन् । एकजना पनि नयाँ पुराना नेतामा मण्डेलाकोजस्तो धैर्यता, जियाउर रहमानको जस्तो भावना, गान्धीकोजस्तो राष्ट्रियता, नेहरूको जस्तो त्याग, लीक्वान यूको जस्तो प्रतिबध्दता, सनयात सेनको जस्तो अठोट देखाउन सकेनन् । संविधान र व्यवस्था नै असफल पारिदिए । यी नेता र यो व्यवस्थाले अवस्था सुधार्न नसक्ने भयो । राप्रपाले केही गर्छ कि भनेको त्यो निराशामा परिणत भयो । राप्रपा जनभीडमा खोज्नुपर्ने अवस्था आयो ।

## पदाधिकारीमा कुरा मिलेन, पीडक अन्यायमा पर्ने डर

*द्वन्द्वकालीन पीडितहरू अझै पनि पीडामा पर्ने खतरा भयो भन्न थालेका छन् । पदाधिकारीमा भागबण्डा नमिलेपछि नियुक्ती पर सर्‍यो । लाजमर्दो राजनीतिक हस्तक्षेप देखियो ।*




सत्यनिरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगमा पदाधिकारी नियुक्तिका लागि सूचीकृत त गरियो, पीडितहरूले यो नामावलीमा शंका र चासो राखेका छन् । द्वन्द्वपीडितका तर्फबाट ९ जनाले गत बुधबार सिफारिस समितिलाई पत्र लेखेर नियुक्ति प्रक्रियामा विगतको गल्ती नदोहोरियोस् भनेर सचेत गराएका छन् । उनीहरूले पत्रमा लेखेका छन्, 'बन्द कोठाभित्र हुने प्रस्तुति र छलफलले प्रक्रियाको विश्वसनीयता बढाउँदैन । होस गरौं, छनोट प्रक्रियालाई वैधताको संकटतर्फ धकेल्ला ।'

सिफारिस समिति पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वमा छ । यो समितिले अच्युतप्रसाद भण्डारी, विजयसिंह सिजापति, डिल्लीराज आचार्य, महेश थापा, विश्वराज कोइराला, काशीराज दाहाल, सुदीप पाठक र शेरबहादुर केसी सर्ट लिष्टमा परेका छन् । द्वन्द्वपीडितले केही नाममा आपत्ति जनाएका छन् । कोही विवादित, कोही संक्रमणकालीन न्याय नजानेका छन् । पीडितको माग छ- 'हामीलाई त पीडित समुदायले चिन्ने र संक्रमणकालीन न्यायिक प्रक्रियामा भिजेको मानिस चाहिएको हो ।

सर्ट लिष्टको सूचीमा परेका उम्मेदवारसँग सिफारिस समितिले छनौट सुरू गरेको छ । अन्तर्वार्तामा अध्यक्ष मिश्र, सदस्यहरू पूर्वराजदूत अर्जुन कार्की, पूर्वमहान्यायाधिवक्ता खम्बबहादुर खाती, आदिवासी जनजाति महिला महासंघकी संस्थापक अध्यक्ष स्टेला तामाङ र मानवअधिकार अयोगका सदस्य मनोज दवाडी रहेका छन् । यो अन्तर्वार्तालाई लाइभ गर्न सकेको भए द्वन्द्वपीडित र मानवाधिकारमा संलग्न सबैले थाहा पाउने थिए । १० वर्षे जनयुद्धका पीडितलाई न्याय र पीडकलाई दण्ड दिने, संक्रमणकालीन न्याय सम्पादन गर्नु फलामको च्यूरा चपाउनु सरह हो ।

यदि सहज हुन्थ्यो भने ६ महिनामा गर्ने भनिएको संक्रमणाकलीन न्याय सम्पादन गर्न १८ वर्ष कुर्नुपर्ने थिएन । जसरी पनि पीडकलाई बचाउने कुनियत रहेको आशंका मानवाधिकारवादीहरूले समेत बेला बेलामा गरेका छन् ।

अध्यक्ष ओमप्रकाश मिश्रले पारदर्शी भएर काम गर्ने बताए पनि पारदर्शीका नाममा गोप्यता नै अवलम्बन गरिएको छ । यसको अर्थ राजनीतिक दबाब छ, प्रभाव छ । राजनीतिकरण छ । काम गर्न खोज्ने उमेदवार आउँदैनन् भन्ने अध्यक्षको तर्क बलियो होइन ।

# सृष्टि र सञ्चालनमा पशुपतिनाथ

**- केशवप्रसाद चौलागाईं**

महादेवको स्तुती र प्रार्थनासँगै विश्वव्यवस्था सञ्चालनमा ईश्वरीय प्रभाव र कारणको खोजी हुनु स्वभाविकै हो । ब्रह्माण्ड र जीवको सृष्टि र सञ्चालनमा पशुपतिनाथको भूमिकाका कारण पशुपतिनाथ राष्ट्रदेवताको रूपमा पूजित हुनुहुन्छ । 'वेदः शिवः शिवो वेदः ।' अर्थात वेद नै शिव हुन् र शिव नै वेद हुन् भन्ने शास्त्रवचनले पनि पशुपतिनाथको महत्वलाई बुझ्न सहज हुन्छ ।

सनातन हिन्दु धर्मको आधार वेद हो भने वेद नै शिव हुन् भन्ने मान्यताले पशुपतिनाथको प्रमुख स्थान रहेको प्रष्ट हुन्छ । व्यवहारिक रूपमा समेत सूर्यको तेज प्रदान गर्नुहुने र शिरमा चन्द्रमालाई धारण गर्नुहुने शिव भगवानको चरित्र र स्वरूप विश्व व्यवस्थाको प्रतीकका रूपमा देखिन्छ ।



प्राणको श्रोत नै सूर्य हुन् भने चन्द्रमा स्वर परिवर्तनको । सूर्यबाट प्राप्त हुने प्राणको सञ्चालन व्यक्तिमा सूर्य र चन्द्रनाडीबाट प्रवाहित गराई उर्जा सन्तुलन तथा जीवन सञ्चालन गराउने परम्परा एक विश्व परम्परा हो र त्यसको आधार शिव भएकाले शिवद्वारा विश्व व्यवस्थाको सञ्चालन भएको देखिन्छ ।

विश्वका सबै प्राणीहरूको जीवन सुखमय बनाउन पनि शिवको प्रार्थना गरिइने परम्पराले विश्वव्यवस्थाप्रतिको उत्तरदायित्व छर्लङ्ग हुन्छ । शिव र रूद्र ब्रह्मकै पर्यायवाची शब्द भएकाले शिवलाई रूद्रै पनि भनिएको हो । 'दुःखम् द्राबति नाशयतीति रूद्रः' । दुःख नष्ट गरिदिने भएकाले रूद्र भनिएको हो । एवं प्रकार दुःख नाश गरी सुख प्रदान गर्ने भगवान शिव जीवको मुक्तिका लागि पनि उत्तिकै क्रियाशिल र जिम्मेवार देखिनुहुन्छ । 'पश्यन्ति इति पशवः' अर्थात् जसलाई संसारको आकर्षणले प्रभावित तुल्याउँछ तिनै पशु हुन्छन् भनिएको छ ।

सांसारिक लोभ, मोहबाट प्रभावित जीवलाई पशुत्वबाट मुक्ति दिलाउने उनै शिव भएकोले सबैको मुक्तिदाताको रूपमा पुजनीय हुनुहुन्छ । विराज पुरूषका रूपमा सृष्टि तथा मूल प्रकृतिका रूपमा शास्त्रले गरेको व्याख्या पनि स्मरणीय रहेको छ । 'सर्वदेवात्मको रूद्रः सर्वे देवाः शिवात्मकाः । रूद्रात्पवर्तते बीजं बीजयोनिजनार्दनः । यो रूद्रः स स्वयं ब्रह्मा यो ब्रह्मा स हुतासनः ॥ ब्रह्मविष्णुमयो रूद्र अग्निषोमात्मक जगत ॥' यस कथनबाट रूद्र नै मूल प्रकृति पुरूषमय आदिदेव साकार ब्रह्म हुनुहुन्छ भन्ने प्रमाणित हुन्छ । साकार ब्रह्मको रूपमा जीवनलाई पशुत्वबाट मुक्ति दिलाउने पशुपतिनाथारे ईश्वर गीताको निम्न वचनले पनि स्पष्ट पार्दछ ।

'आत्मानः पशवः प्रोक्ताः सर्वे संसार वर्तिनः
तेषां पतिरहं देवः स्मृतः पशुपतिर्बुधैः ॥
मायापाशेन बध्नामि पशूनेतान् स्वलीलया
मामेव मोचकं प्राहुः पशूनां वेदवादिनः॥
मायापाशेन बद्धानां मोचकोऽन्यो न विद्यते ।
मामृते परमात्मानं भूताधिपतिमब्ययम् ॥
चतुर्विंशतितत्वानि माया कर्मगुणा इति ।
एते पाशाः पशुपतेः क्लेशाश्च पशुबन्धनाः ॥

अर्थात् संसारको बन्धनमा परेका सम्पूर्ण जीवात्माहरू नै पशु कहलाउँछन् । तिनको पति र इष्टदेव मै हुँ, त्यसैले विद्वानहरू मलाई पशुपति भन्दछन् । म आफ्नो लीलाको क्रममा ती पशुहरूलाई माया रूप पाशद्वारा बाँध्दछु । वेदवेत्ताहरू ती पशुहरूको मुक्तिदाताका रूपमा मलाई नै बताउँछन् । मायाको पाशद्वारा बाँधिएकाहरूलाई छुटकारा दिलाउने सम्पूर्ण प्राणीको अधिपति मै परमात्मबाहेक अर्को कोही छैन । अविनाशी म परमात्मा नै तिनीहरूलाई मुक्त गरिदिन्छु । पाँच ज्ञानेन्द्रीय, पाँच कर्मेन्द्रीय, पाँच महाभूत, प्राँच प्राण, मन, बुद्धि, चिन्तन र अहंकार यति चौबीस तत्वहरू र मायाले सिर्जना गरेको गुणहरूको यो समूह नै जीवात्मालाई बाँध्ने पाश कहलाउँछन् । पशुपतिका पाशका रूपमा यिनै चौबीस तत्व हुन्छन् । अनि भव बन्धनका रूपमा चाहिँ अनेकौं क्लेशहरू हुन्छन् । एवम् प्रकार पशुत्वबाट मुक्ति दिलाउने मार्गमा पाशुपत योग र रूद्राष्टाध्यामी महत्वपूर्ण साधना देखिन्छन् । पाशुपतयोगबारे ईश्वर गीतामा उल्लेखित निम्न वचनले पनि पाशुपतधर्मको महत्वलाई उजागर गर्दछ ।

एब पाशुपतो योगः पशुपाशविमुक्तये । सर्ववेदान्तसारोऽ यमत्याश्रममिति श्रुतिः । अर्थात जीवलाई बन्धन रूपपाशबाट मुक्त गर्नको लागि योपाशुपत नामक योग भनिएको हो । यो सम्पूर्ण वेदान्तको सार हो र श्रुतिमा यस योगको अवस्थालाई सबै आश्रमहरूको अवस्थाभन्दा उत्कृष्ट बताईको छ । एवम् प्रकार सृष्टिका सबै जीवहरू श्वासप्रश्वासका आधारमा जीवीत रहने हुँदा उनीहरूको जीवन संचालनमा प्रत्यक्ष प्रभाव पार्ने भगवान पशुपतिनाथद्वारा प्रदत्त पाशुपत योग विश्व व्यवस्थाको महत्वपूर्ण साधना र आस्था बन्दै गइरहेको छ ।

संयुक्त राष्ट्रसंघद्वारा समेत विश्व योग दिवसको रूपमा मान्यता पाउनुले पनि विश्व व्यवस्थामा महत्वपूर्ण भूमिका प्राप्त गरेको छ । 'आ यद वामीपचससा मित्र वयं च सुरयः । व्यचिष्ठे बहुपायेय येतमही स्वराज्ये', अर्थात विस्तृत बहुमतद्वारा जसको पालना हुन्छ यस्तो स्वराज्य शासनमा जनताको भलाईका लागि रहौं भन्ने ऋगवेदको सिद्धान्तले प्रजातन्त्र, राष्ट्रियता र समावेशितालाई सम्बोधन गर्दै विश्व व्यवस्थाको मार्गदर्शन गराउनुले पनि वेद र शिवको औचित्य प्रमाणित हुन पुगेको छ । उपासना र मुक्तिका साथै दैनिक समाज र राष्ट्र संचालन गर्दै विश्वलाई एकीकृत गराउने वैदिक स्वराज्यको अवधारणाले विश्वलाई नै आकर्षित तुल्याउँदै सबैको साझा र मान्य देवताको रूपमा पशुपतिनाथ स्थापित हुन सक्नुभएको छ । भगवान पशुपतिनाथले सबैको कल्याण गरून् ।

हरेक मंगलवार : गोरखा एक्सप्रेस
www.nepaltoday.com.np

# बढ्दो विदेशी हस्तक्षेपसँगै सरकार परिवर्तनका कुरा



**डा. केशव देवकोटा**

नेपालमा फेरी सरकार परिवर्तनको हल्लालाई तीब्र पारिएको छ । नेकां र एमालेजस्ता दुई ठूला पार्टी र संसदमा रहेका १४ दलमध्ये सातवटा दल सम्मिलित हालको सरकार ढल्नुपर्ने अथवा परिवर्तन हुनुपर्ने कुनै कारण देखिएको छैन । नेपाली कांग्रेस र एमालेको संस्थापन पक्षकाबीचमा खासै कुनै मतभेद पनि देखिएको छैन । यो सरकार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको चाहना र पहलमा गठन भएको हो । सबैलाई थाहा छ, यो सरकार नेपाली कांग्रेसले चाहेसम्म टिक्छ । यस्तो अवस्थामा पनि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सरकार ढाल्ने र मुख्यत एमाले र त्यसमा पनि सो पार्टीका अध्यक्ष केपी ओलीलाई सकेसम्म नेपालको राष्ट्रिय राजनीतिबाटै किनारा लगाएरै छाड्ने प्रयासगर्नु आफैमा आश्चर्यको बिषय छ । खासगरी प्रधानमन्त्रि केपी ओलीले गत मंसिर १७-२० मा गर्नुभएको छिमेकी चीनको भ्रमणकाक्रममा बीआरआईमा संझौता गरेकोभन्ने बहानामा नेपालमा क्रियाशील इन्डोपश्चिमा शक्तिले सरकार परिवर्तनको हल्ला चलाएको देखिएको छ । प्रम ओलीको चीन भ्रमणको पूर्वसन्ध्यामा पूर्बमाओवादी नेता डा. बाबुराम भट्टराईले सहकारी ठगी प्रकरणमा प्रहरीको हिरासतमा रहेका रास्वपाका सभापति रवि लामिछानेलाई भेटेर सहानुभूति प्रकट गरेपछि भारत निकट मानिएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र राप्रपाका नेता ज्ञानेन्द्र शाहीलगायतले स्यालको हुईया भनेजस्तोगरी डा. भट्टराईको स्वरमा स्वर मिलाएको देखिएको थियो । त्यतिबेलानै नेकां र एमालेको बर्तमान सरकारलाई भारतले छिन्नभिन्न गराउन खोजेको राजनीतिक हल्ला पनि बाहिर आएको थियो । प्रम ओली चीन भ्रमणबाट स्वदेश फर्किएपछि नेकाको देउवा इतर र भारत निकट मानिने डा. शेरखर कोइराला र पूर्व एमाले नेता बामदेव गौतमहरूले ओलीको बिरोधलाई तीब्र बनाएको देखिएको छ । भनिन्छ बामदेव गौतमले त प्रम ओलीलाई एक सन्देशनै पठाएर एमालेको अध्यक्ष र देशको प्रधानमन्त्रि दुबै पदबाट राजीनामा दिन दबाव समेत दिनुभएको थियो । यस परिघटनाले माओवादी केन्द्रका अध्यक्ष दाहालले बर्तमान सरकारलाई अपदस्त गरेर आफू सरकारमा जान न्वारानदेखिको बल लगाएको स्पष्ट भएको छ । प्रम ओली चीन भ्रमणबाट स्वदेश फर्केलगत्तै अकस्मात नेपाल भ्रमणमा आउनु भएका डोनाल्ड लुसँग प्रम केपी ओली र परराष्ट्रमन्त्रि डा. आरजु देउवाले नभेट्नु, अमेरिकी मन्त्रि लुको नेपाल भ्रमणलगत्तै नेपाल र चीनबीच भएको संझौता सार्बजनिक गरिनु र एकाएक परराष्ट्रमन्त्रि डा. आरजु फेरी दिल्ली जाने योजना बन्नुले नेपालको सत्ता राजनीतिमा हलचल ल्याएको छ । नेकपा (मसाल) ले त अमेरिकाले नेपालमा सरकार परिवर्तनगर्न खोजेकोभन्दै सचेत रहन आम नेपालीलाई आग्रहसमेत गरेको छ । हालै जारी वक्तव्यमा आफ्नो शासनकालको अन्तिम समयमा अमेरिकी राष्ट्रपति जो वाइडेनले नेपालमा आफूअनुकूलको सरकार बनाउन चाहेको उल्लेख गरिएको छ । अमेरिकी सहायक मन्त्री लुको भ्रमणले फेरी कांग्रेस र माओवादी केन्द्रको सरकार बन्ने सम्भावना देखाएको मसालको बिश्लेषण छ ।

मसालले कथंकदाचित नेपालमा फेरी नेकां र माओवादी केन्द्र सम्मिलित सरकार गठन भएको खण्डमा एमसिसी र इन्डोप्यासिफिक रणनीतिको पक्षमा थप नयाँ कदम उठाउनसक्ने सम्भावनाप्रति सचेत समेत गराएको छ । मसालले पछिल्लो समयमा नेपालमा अमेरिकी प्रभाव बढ्दैगएको तर त्यसप्रतिको सतर्कता एकदम कमजोर रहेको ठहरसमेत गरेको छ । नेपालमा अमेरिकी प्रभाव बढ्दा चीन विरूद्ध नेपाललाई उपयोगगर्ने काम तीब्र हुने र त्यसो भएमा नेपालको राष्ट्रियता सार्वभौमिकता र भौगोलिक अखण्डता र असंलग्न परराष्ट्रनीति धरापमापर्ने पनि मसालको ठहर छ । त्यसो त नेपालमा कम्युनिष्ट पार्टीहरूलाई तोडफोड गर्ने/गराउने प्रयासहरू पनि तीब्रभएका छन् । जसमा परोक्षरूपमा पुष्पकमल दाहालकै भूमिका देखिएको छ । यता आज दुईगतेबाट हुने भनिएको माओवादी केन्द्रको बैठक आगामी २१ गतेका लागि पर सारिएको छ । सो पार्टीमा अध्यक्ष दाहाललाई पदबाट हटाउने माग तीब्र भएपछि दाहालका बिरोधीलाई हटाएर पार्टी पुनरगठन गर्ने/गराउने प्रयास भैरहेको छ । अर्कातिर एकीकृत समाजवादीको बैठकले गत असारको महाधिवेशनकाक्रममा भएको निर्वाचनमा हारेकाहरूलाई समेत फेरी थपेर पार्टी पुनरगठनगर्ने निर्णय गरेको छ । सो पार्टीले माओवादी केन्द्रसँग पार्टी एकतागर्नका लागि बिभिन्न शर्तहरू अगाडि सारेको छ । जसमा माओवादी केन्द्रले पार्टीको सिद्धान्तबाट 'माओवाद' र नामबाट 'माओवादी' शब्द हटाउनुपर्ने भनेको छ । त्यसैगरी नेत्रबिक्रम चन्द नेतृत्वको नेकपाको गतसाता बिहिबारवाट कपिलबस्तुको शिवगढीमा शुरूभएको केन्द्रीय समितिको छैठौं पूर्ण बैठकमा महासचिव चन्दले पेश गरेको १७ पेजे रानीतिक प्रतिवेदनमा बहस जारी छ । जसमा साम्राज्यवाद र दलाल पूँजीवादका विरूद्ध दृढतापूर्वक मोर्चा खडागर्ने कुराहरू उल्लेख गरिएका छन् । केन्द्रीय समितिको बैठकलगत्तै सिआरसीको बैठक हुने भनिएको छ । सो पार्टीले पनि माओवादी केन्द्रमा प्रचण्डको 'अराजकता कायम रहेसम्म' पार्टी एकता नगर्ने भएको छ । त्यसैगरी धर्मेन्द्र वास्तोला नेतृत्वको नेकपा (बहुमत) को बैठक संभवत आगामी ४ बाट शुरूहुने छ ।

सो पार्टीको आगामी माध तीनगतेबाट महाधिवेशन हुँदैछ । सो पार्टीको यसअघि बसेको बैठकले पनि पुष्पकमल दाहालका पछिल्ला गतिबिधिहरूको निन्दा गरेको छ र नेपालमा बढ्दो विदेशी हस्तक्षेपका बिरूद्ध एक हुन अन्य कम्युनिष्ट पार्टीहरूलाईसमेत आह्वान गरेको छ । मोहन बैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालको एकताको महाधिवेशन गत मंसिर १३-२३ मा सम्पन्न भएको छ । सो पार्टीले पनि नेपालमा बढ्दो विदेशी हस्तक्षेपको निन्दा गरेको छ । सो पार्टीले त आफ्नो महाधिवेशनको उद्घाटन कार्यक्रममा एमाले र माओवादी केन्द्रका अध्यक्षहरूलाई निम्तासमेत गरेको थिएन । सो पार्टीले नेकां, एमाले र माओवादी केन्द्र उस्तैखालका अवसरवादी दक्षिणपन्थी पार्टी भएको ठहर गरेको छ । सो पार्टीको महाधिवेशनले ०७२ को संविधान र त्यसअनुसार नेपालमा लागू गराइएको बिद्यमान राजनीतिक ब्यवस्था असफल भएको ठहरगर्दै 'धक्का दिने' निर्णय गरेको छ । बर्तमान ब्यवस्थाको उन्मूलनका लागि आवश्यक तयारीगर्न सो पार्टीको केन्द्रिय समितिको बैठक आगामी माधको पहिलो साताामा बस्ने भनिएको छ । त्यसैगरी नेकपा(मसाल) र राजमोले नेपालबाट संघीय शासन अन्त्यका लागि देशब्यापिरूपमा आन्दोलन जारीराखेको छभने आगामी चैत २४ गते काठमाडौमा बिशेष कार्यक्रमगर्न लागेको छ । यसरी पुष्पकमल दाहालले आफ्ना उपलब्धी भन्नेगरेका संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता, समानुपातिक निर्वाचन प्रणाली लगायतका कुराहरू एकातिर साम्राज्यवादीका एजेण्डा भएको खुलाशा भएको छभने अर्कातिर धरापमा परेको अवस्था छ । दाहालको प्रयास नेपालका कम्युनिष्टहरूलाई छिन्नभिन्न बनाउने र नेपाललाई दोश्रो सिक्किम बनाउनेमा केन्द्रित रहँदैआएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । अमेरिकाको राष्ट्रपतिको चुनावमा डोनाल्ड ट्रम्पको जितपछि बर्तमान राष्ट्रपति जो वाइडेनले आफ्नो छोटो (करिव एक महिना) बाँकी अवधीमा विश्वको राजनीतिक नक्शा र स्थितिमा उथल पुथलगर्ने प्रयास गरेको देखिएको छ । त्यसैक्रममा नेपालमा पनि माओवादी केन्द्र र रास्वपाजस्ता पार्टीलाई उचालेर सरकार परिवर्तन गराउने प्रयास थालिएको राजनीतिक क्षेत्रमा मूल्यांकन हुनथालेको छ । वाइडेनले आफ्नो प्रभावलाई प्रयोग गरेर फ्रान्सका बहालवाला प्रधानमन्त्रीलाई अवदस्त गराएर आफ्नो अनुकूलको नयाँ प्रधानमन्त्रीलाई निर्वाचित गराएको पाइएको छ । त्यसैगरी युक्रेनको युद्धमा वाइडेनले आफ्नो पूरा शक्ति लगाउने प्रयास गरेको देखिएको छभने वाइडेनकै कारण सिरियामा सत्ता पलट भएको छ । त्यहाँका तत्कालीन राष्ट्रपति अलअसद देशै छाडेर भाग्नुपरेको छ । जहाँ तत्कालका लागि अमेरिकी कठपुतली अस्थायी सरकार गठन गरिएको छ । जबकी ट्रम्पले आगामी माघ सात (जनवरी २०) गते आफूले राष्ट्रपतिको पद ग्रहणगर्ने बित्तिकै युक्रेन युद्धलाई समाप्तगर्ने बताउनु भएको छ । ट्रम्पको सो नीतिलाई कार्यान्वयन हुननदिन वाइडेनले युक्रेनमा बढीभन्दा बढी सैनिक, आर्थिक र सामरिक सहयोग गरिरहेको देखिएको छ । त्यसैगरी भारतमासमेत सत्ता परिवर्तन गराउने खेलहरू जारीरहेका छन् । त्यस प्रकारको पृष्ठभूमिमा नेपालमा पनि सत्ता परिवर्तनका लागि कुनै योजनाअन्तर्गत काम भैरहेको हुनसक्ने अनुमान गरिएको छ ।

गतसाता अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले नेपालको भ्रमण गरेर फर्केपछि एकातिर माओवादी अर्कोतिर सत्ताधारी छन् ।

अमेरिकाको प्रयास नेपाललाई इन्डोप्यासिफिक रणनीति अन्तर्गत उपयोग गर्ने नै रहेको स्पष्ट छ । उक्त उद्देश्य पूरागर्नका लागि त्यसले नेपालको राज्य सत्तालाई त्यसरीनै उपयोग गर्नसक्ने संभावना पनि छ । अमेरिकाको त्यस प्रकारको नीति नेपालको असंलग्न परराराष्ट्र र अशल छिमेकी नीतिका विरूद्धमात्र नभएर नेपालको सम्पूर्ण राष्ट्रिय हित र शान्ति तथा दीर्घकालीन हित समेतका विरूद्ध हुने स्पष्ट छ । यसअघि गत बैशाखमै नेपालमा आवश्यकताभन्दा बढी चासो राख्दैआएका भारत र अमेरिकाले सर्बदलीय सरकार बनाएर आफ्नो अनुकूल ०७२ को संविधानमा परिवर्तन गराउने प्रयासगरेको देखिएको थियो । तत्कालीन प्रधानमन्त्रि तथा माओवादी केन्द्रका अध्यक्ष दाहालको गत जेठमा भएको दिल्ली यात्रापछिनै फेरी एमालेलाई हटाएर नेकांसहितको सरकार गठन गर्ने/गराउने प्रयास भएको थियो । त्यतिबेला दाहालले आफू पाँचैबर्ष प्रधानमन्त्रि हुने 'दिवा सपना' पनि देख्नुभएको थियो । दाहालको चरम अवसरवादी प्रबृत्तिबाट वाक्क दिक्क भएका नेकां र एमालेले गत असार १७ गते सातबुँदे सहमति गरेर वर्तमान सरकार गठन गराएका थिए । यो सरकार बनाउने पनि नेकां होभने नेकांले चाहेसम्म बर्तमान सरकार टिक्छ । यो सरकार हाल हल्ला चलेजस्तै असफल भयोभने, त्यो पनि नेकांकै असफलता साबित हुन्छ । बर्तमान सरकार टिक्नु र ढल्नुले एमालेलाई खासै फरकपार्ने देखिएको छैन । त्यसैले तत्काल सरकार परिवर्तन हुन्छ कि हुँदैन ? त्यो नेकांका निर्भर रहन्छ र त्यसले नेपालमा विदेशी हस्तक्षेपको अवस्थाको मापन पनि गर्छ ।



# मुक्तक लेख्ने प्रयासहरू : पानी झैं बग्ने रहर किन थियो ?



मनमा खाली कुनो थियो भरिन्न रे अब कहिल्यै
यो कुनोमा बसाइ उनको सरिन्न रे अब कहिल्यै
सपना मेरा उनका उस्तै भनि कुरा गरि बस्यौं
भेटिए पनि उस्ता कुरा गरिन्न रे अब कहिल्यै ।

—पुष्पा केसी भण्डारी



घरी कतै घरी कतै घुम्ने त्यो मनको के बिश्वास
न्याय, निशाफै हराएको सदनको के बिश्वास
हजुर बा!अनि बा! सम्मको 'प्रेम' अमर थियो !
अहिले यी फेशबुके मुनामदनको के बिश्वास !

- अर्जुन अधिकारी



पानी झैं बग्ने रहर किन थियो ?
भावना भित्र गहिरो समर किन थियो ?
मलाई थाहा छ, ती सपना पूरा नहुने,
तैपनि तिम्रै प्रतीक्षामा नजर किन थियो ?

- विश्वनाथ श्रेष्ठ



नभए पनि खुद्रा विचारले शैलमा छुन सक्छन्
कलम चोबेर मसीमा देशकै दाग धुन सक्छन्
तपाईं मुहारमा सुन्दरता खोज्नुहुन्छ महोदय
पवित्र आत्मा हुनेहरू मेनका उर्वशी हुन सक्छन् ।

- पुष्पा नेपाल सुवेदी



तिमी मलाई के देख्छौ, म तिमीमा फूल देख्छु
तिमी पहिचान मासिरहेछौ, म तिमीमा भूल देख्छु
मरे पछि कसलाई थाहा छ, बाँच्ने यो भूस्वर्ग हो
तिमी देश र माटो भन, म तिमीमा तूल देख्छु ।

- सुशीला पौडेल पहारी



अचेल यहाँ भ्रष्टाचारी लखेट्ने अभियान चल्दैछ
उस्ले यस्लाई उस्लाई हकार्ने अभियान चल्दैछ
शासक र शासित सबै उस्तै उस्तै देखाउँदै
मुलुक नै भ्रष्टाचारी देखाउने अभियान चल्दैछ ।

- मुक्तिनाथ शर्मा



जीवनमा सफलता पाउन, संघर्षिलो हुनुपर्छ
देशको लागि केही गर्नेले, निष्ठा हित्मत हुनुपर्छ
मानिसको सफलता भनेको संघर्ष नै हो हजुर
संघर्ष र निष्ठाले नै समृद्धि लाई चुम्नुपर्छ ।

- तीलप्रसाद न्यौपाने



न ओखती छ यसको पिलाउँ तिमीलाई
न घारी मायाँको छ जिलाउँ तिमीलाई
छोयो जता यादले दुख्छ्यौ छियाछिया मुटु
खै कुन रङ्गको बैंसले सिलाउँ तिमीलाई.. ।

- बिमला कार्की



गर्छु गर्छु भन्दाभन्दै चाहेको गर्न नसक्दा
उन्नतिको बाटो रोजी अघि सर्न नसक्दा
आज शीर झुकाई प्रार्थना गर्दैछु माता
आफैं भित्र ज्ञानको भण्डार भर्न नसक्दा ।

- मनिता बस्न्यात् खड्का



तिम्रै छेउ आई बसें नदेखे झैं गयौ तरू के गरू मैले
बोल्न खोज्दै थिए नजर छेक्रे झैं गयौ के गरू मैले
बुझ्नै गाह्रो भो तिम्रा नयनका ईसारा तर हारेकी छैन
मलाई छोडी कतै पाइला टेके झैं गयौ के गरू मैले

- चन्द्रकला आचार्य



कसैले दिएको चोट आलै रहन्छ जीवनमा
जसले गर्दा कुनैपनी खुशी मिल्दैन जीवनमा
किनकी बाँच्ने हुन्छन् सबै कसैको आशमा
त्यसरी भरपर्दा दुख: पीडा हुन्छ जीवनमा ।

- कृष्णबहादुर थापा



मैदानको खेल जस्तो नत जित हुन्छ
प्रतिशोधले न फाइदा नत हित हुन्छ
कालो, धमिलो मन, शुन्य उपलब्धि
अन्ततः सम्बन्ध चिसिएको शित हुन्छ ।

- गंगा दहाल

# एकल रचना वाचनमा झिल्का कविता



७९औं श्रृङ्खलामा एकल रचना वाचनमा झिल्का कविता कार्यक्रम सम्पन्न भएको छ । दाङ राप्ती साहित्य परिषद् दाङ शाखाले नियमित रचना वाचन कार्यक्रम अन्तर्गत ७९औ श्रृङ्खलामा साहित्यकार वसन्त अनुभवको एकल कविता वाचन कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ । राप्ती साहित्य परिषद् दाङ शाखाका अध्यक्ष यम रेग्मीको अध्यक्षतमा र वरिष्ठ साहित्यकार गणेश विषमको प्रमुख आतिथ्य तथा राप्ती साहित्य परिषद् केन्द्रका सल्लाहकार तथा निवर्तमान अध्यक्ष पुरूषोत्तम खनालको विशिष्ट आतिथ्यमा कार्यक्रम सम्पन्न परिषद्को सभाहलमा भएको थियो ।

साहित्यकार वसन्त अनुभवले विभिन्न विषयवस्तुका १५४ वटा नयाँ विधाका झिल्का कविता वाचन गर्नुभएको थियो । ती वाचित रचनाहरूको समीक्षा वरिष्ठ साहित्यकार नारायण नेपालले गर्नुभएको थियो । समीक्षकको रूपमा बोल्दै वरिष्ठ साहित्यकार नेपालले भन्नुभयो ।

अनुभवका झिल्का कविता सुन्दर छन् । छोटा कवितामा जति सक्यो अभिधा अर्थभन्दा लक्षिणा र व्यञ्जना अर्थ हुनुपर्छ । अनि मात्र पाठकको मन तान्न सक्छ । त्यतातिर पनि उहाँले ध्यान दिनुपर्ने हुन्छ । झिल्का कविताको प्रवर्तक भएकोले पनि उहाँ सम्मानको पात्र हुनुहुन्छ । सबै झिल्का कवितामा उज्यालो पक्ष समेटिएका छन् । समसामयिक विषयवस्तुका छन् । अन्यायको विरूद्धमा छन् । राष्ट्रप्रेमका भावना उठाएका छन् । जेष्ठ नागरिकले भोग्नुपर्ने यथार्थ पीडा छन् । समानताको पक्षमा आवाज उठाएका छन् । उहाँको भनाइ थियो । त्यसैगरी प्रमुख अतिथि रूपमा रहनुभएका वरिष्ठ साहित्यकार गणेश विषमले भन्नुभयो, झिल्का कविता विधा अत्यन्त सरल विधा र यसमा सबै भाव अटाउन सक्ने भएकोले यो विधाको धेरै महत्व रहेको कुरा मैले महसुस गरे । लेखनलाई निरन्तरता दिन लेखकलाई अनुरोध गर्दछु ।" उहाँको भनाइ थियो । कुनै पनि विधाको प्रवर्तक गर्नु सानो कुरा होइन । त्यसको लागि धेरै ज्ञान, साहस र धैर्य चाहिन्छ । त्यो उहाँमा छ। उहाँ धन्यवादको पात्र हुनुहुन्छ ।' राप्ती साहित्य परिषद् केन्द्रका सल्लाहकार तथा विशिष्ट अतिथि पुरूषोत्तम खनालको बताउनुभयो ।

राप्ती साहित्य परिषद् केन्द्रका अध्यक्ष डा.टीकाराम उदासी,लेखक सङ्घ दाङका अध्यक्ष खगराज न्यौपाने, सिस्नोपानी नेपाल दाङका अध्यक्ष तथा दाङ शाखाका सल्लाहकार डा.लोकराज पराजुली,राप्ती साहित्य परिषद् दाङ शाखाका सल्लाहकार तथा निवर्तमान अध्यक्ष दीपक शर्मा "समीर" नेपाली लेखक सङ्घ दाङका अध्यक्ष डा. हिमलाल पन्थी, प्रगतिशील लेखक संघ लुम्बिनी प्रदेश सल्लाहकार केशव थापा, राप्ती साहित्य परिषद् केन्द्रका सचिव आदिम केसी,कोषाध्यक्ष डा. खेमराज मल्ल ,लेखक सङ्घ दाङका उपाध्यक्ष गोविन्द पौडेल, नयाँ युगबोध राष्ट्रिय दैनिकका पत्रकार गोविन्द खड्का, रङ्गभूमि टेलिभिजनका सञ्चालक हुमबहादुर रेग्मी लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको गरिमामय उपस्थिति रहेको थियो ।

त्यसैगरी सो कार्यक्रममा वरिष्ठ साहित्यकार यज्ञबहादुर डाँगी,साहित्यकारहरू नगेन्द्र गुरू हरिप्रसाद पौडेल "स्वर्णशिशिखा "सुवाष न्यौपाने, धनसिंह गिरी, एक नारायण चापागाईं, वीणा रोका, गौतम, प्रदीप राज श्रेष्ठ, सुशीला आचार्य, देवेन्द्र रिजाल, दामोदर पौडेल, गुरूप्रसाद महरा, कमला कुमारी रावत, एकराज शर्मा अधिकारी, खेमराज गाउँले, रिमा गौतम, सारदा शर्मा लगायतको गरिमामय उपस्थिति रहेको थियो । कार्यक्रममा संस्थाको तर्फबाट स्रष्टा अनुभवलाई प्रशंसापत्रदिइयो । परिषद् उपाध्यक्ष सुरेशकुमार पाण्डेको स्वागत मन्तव्यबाट शुभारम्भ भएको कार्यक्रमको सञ्चालक घनश्याम केसीले गर्नुभयो ।

# मोहन सिटौला र सुरेन उप्रेती सम्मानित




साहित्यिक पत्रकार संघले वरिष्ठ सर्जक मोहन सिटौला (अमेरिका)लाई अभिनन्दन र कवि सुरेन उप्रेती (क्यानडा)लाई व्यथित काव्य डायस्पोरा सम्मानबाट सम्मानित गरेको छ । दुबै सम्मानित सर्जकलाई कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ इतिहासविद् प्रा. डा. सुरेन्द्र के. सी.ले सम्मान गर्नु भएको हो । उहाँहरूलाई सम्मानपत्र, सापस स्वर्ण महोत्सवको मेडल, दोसल्ला, माला र टोपीले सम्मान गरिएको थियो ।

साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा आयोजित सो कार्यक्रममा प्रमुख अतिथि के. सी., प्राज्ञ बाबा बस्नेत, सम्मानित सर्जकहरू मोहन सिटौला र सुरेन उप्रेती, डा. दामोदर पुडासैनीले विशेष मन्तव्य राख्नु भएको थियो । कवि मुरारी सिग्देलले कार्यक्रम सहजीकरण गर्नु भएको थियो ।




# बुद्धभूमि नेपाल भजनसङ्ग्रह



*अरूणबहादुर खत्री*

कवि एवम् गीतकार शिला पन्तको बुद्ध भूमि नेपाल नामक भजनसङ्ग्रह २०८१ सालमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र उनीद्वारा रचिएका ५४ वटा भजनहरू समावेश गरिएका छन् । उनले सङ्ग्रहभित्रको पहिलो भजनमा हत्या र हिंसा विनाश भन्छ, बुद्धको सन्देशमा मानव लोभ र मोह दु:ख हो भन्छ, मानव जीवनमा मानव भनेर लेखेका छन् । जसै बाल्यकाल बित्यो विवाह बन्धन बाँधिदिए समताको भावले सबलाई माया दिदै गए भनेर उनले गीतमा लेखेका छन् । उनले सबैजसो भजनहरूमा आफ्ना मन र मस्तिष्कले ग्रहण गरेका विषयलाई मिठा शब्द भावमा सजाउने गरेकी छिन् । प्रेमको भावको अभिव्यक्ति छ । यस सङ्ग्रहभित्रका धेरैजसो भजनहरूमा शिलाले प्रेमलाई कथ्य विषय बनाएकी छिन् र उनले प्रस्तुत गरेको प्रेम निकै लोभलाग्दो पनि छ । उनको भजनले पन्छीहरू रमाउन थाले पुष्पहरू लहलह हिमालबाट चाँदनी खुलिन् हर्षित भए सब मानव भनेको छ ।

दानव प्रवृत्ति निर्मुल पार्न
ज्ञानरूपी ढोका खुलाऊँ
छलकपट केही गर्न हुन्न
भन्दै मानवलाई शिक्षा दिऊँ । पेज नं. ५

बादल उडे जस्तै उड्छ सधैं हाम्रो मन यसैलाई खोज तिमी यही हो तत्व ज्ञान भनेर उनले भजन लेखेकी छिन् । गौतम बुद्धको जीवन, दर्शन र मार्गबाट अभिप्रेरित भएर यो कृति जन्मिएको छ । जहाँ भनिएको छ बुद्धम् शरणम् गच्छामि । धम्मम् शरणम् गच्छामि । नेपाली साहित्यमा गीत, कविता, भजन विधामा उनले कलम चलाउँदै आइरहेकी छिन् । आफ्ना मनलाई छोएका विषय र त्यसको शाब्दिक प्रस्तुति नै साहित्य हो । भगवान् बुद्धलाई आफ्नो आदर्श र आफूले पुज्ने आराधना गर्ने ईश्वरको रूप मान्ने गर्छिन् गीतकार शिला ।

मानवलाई शान्ति मिल्ने
एउटै मार्ग खोजौ
संसारको दु:ख बुझी
सही मार्ग रोजौ । पेज नं. १३

आफ्नो भजनभित्र दुई दिनको चोला हो यो बुद्ध धर्म बुझौं बुद्धले झैं त्यागी बनी सन्त मार्ग रोजौ भनेकी छिन् । गीतकार शिलाले यस सङ्ग्रहभित्र लेखेकी भजनहरू सरल भावका छन् । सिद्धार्थको मनमा एउटै कौतुहल बढ्न थाल्यो संसारको दु:ख अशान्ति देखेर मनमा पीडा भयो भनेर उनले भजनमा लेखेकी छिन् । सत्य र शान्तिको मार्गमा सबलाई तिमीले आफै डोऱ्यायौ करूणा भावको वर्षा गराई सबलाई शीतल गरायौ भनेर सन्देश दिएकी छिन् ।

जीवनपथका वटुवालाई
दिव्य उज्यालो छर्न सकूँ
मावनसेवा गरेर भवमा
नित्य निरन्तर रम्नसकूँ । पेज नं. २०

बुद्धको जन्मभूमिबाटै शान्तिको सन्देश फैलाउनुपर्छ बुद्धको उपदेश पालन गराउन विश्वलाई आव्हान गर्नुपर्छ भनेर उनले भजनमा लेखेकी छिन् । कसैसँग तेरो मेरो भन्ने भावना नराखौ भन्ने सन्देशसँगै अहिलेको अशान्त समयलाई शान्तिमा रूपान्तरण गर्न बुद्ध फेरि जन्मिनुपर्छ उनी भन्दछिन् । सब मानव सब बुद्ध बनौ शान्तिको सन्देश दिदै हिँडौ भनेर उनले लेखेकी छिन् । नबनौ स्वार्थी यस जीवनमा जतिसक्छौ त्यति धर्म कमाऊँ दु:ख अनित्य अनाथलाई सम्झी बुद्धको शरणमा जाऊँ जाऊँ भनेर उनले भजनमा लेखेकी छिन् ।

सत्य र शान्तिको लागि मार्गदर्शन
विश्वसामु तिमीले प्रष्ट देखायौ
करूणाभावको वर्षा गराई
सबलाई अमृत पिलायौ । पेज नं. ५२

मानव भई जन्म्यौ तिमी भगवान्को रूप रहेछौ भगवान् बुद्धको रूप लिएर अवतरण भएछौ भनेर उनले मानव रूपमा लेखेकी छिन् । अन्त्यमा भजनलेखनमा उनको कलम अगाडि बढ्दै जान सकोस् । भविष्यमा यस्तै अन्य कृतिहरू पनि निस्केर हामीले पढ्न पाउने नै छौं भन्न चाहन्छु ।

प्रकाशक: परमेश्वर पन्त, गीतकार: शिला पन्त । सम्पादक: तारा सुवेदी ।

# सर्जक पद्मावती सिंहको जन्कु सम्पन्न



मङ्सिर २९, काठमाडौ । वरिष्ठ आख्यानकार एवं गायिका पद्ममावती सिंहको जन्कु कार्यक्रम आज सम्पन्न भयो । सिंहलाई विशेष कार्यक्रमका बीच साहित्यिक पत्रकार संघ, नेपाल स्रष्टा समाज, गुन्जन नारी साहित्य संस्था, नेपाल बालसाहित्य समाज, दायित्व वाङ्मय प्रतिष्ठान, नेपाली कलासाहित्य डट कम प्रतिष्ठान, उपन्यास समाज नेपाल, नेपाल साहित्य मन्दिर, सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र, शब्दपथ, जङ्गम प्रतिष्ठान नेपाल, वासु शशी स्मृति परिषद र शंकर लामिछाने प्रतिष्ठान गरि १४ संस्थाले बधाई ज्ञापन गऱ्यो ।

उहाँलाई बधाईपत्र, दोसल्ला, सल, माला, टीका, फूल वर्षाले विशेष सम्मान सम्मान साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ "रोदन", गुन्जन नारी साहित्य संस्थाकी अध्यक्ष जलेश्वरी श्रेष्ठ, नेपाल बालसाहित्य समाजका अध्यक्ष प्रमोद प्रधान, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त, उपन्यास समाज नेपालका अध्यक्ष शङ्कर भारती, नेपाल साहित्य मन्दिरका अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ, सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रकी संरक्षक डा. सावित्री श्रेष्ठ, शब्दपथका प्रधान सम्पादक किशोर पहाडी, जङ्गम प्रतिष्ठान नेपालका अध्यक्ष भरत जंगम, वासु शशी स्मृति परिषदका सदस्य सचिव प्रद्युम्न जोशीले गर्नु भएको थियो ।




सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

# सार्वभौम नेपालमा भारतको सिधै लगानी किन ?




सार्वभौम नेपालमा भारतीय बजेट । अचम्म छ । तत्कालीन सूर्यबहादुर थापाको सत्ता भएका बेलामा माओवादी, कांग्रेस, एमालेसहित सबैले नेपालका शिक्षा, स्वास्थ्य, लोककल्याणका कार्यमा भारतलाई सिधै बजेट खर्च गर्ने अनुमति दिइएको थियो । त्यसपछिको दुईदशक पछि पनि लोकतन्त्र कार्यान्वयन भयो भन्ने दल तथा नेताहरूले भारतलाई त्यो सुविधा दिइरहेकै छन् । किन ?

किन भारतलाई यस्तो सुविधा दिइयो । सरकार नेपालको, बजेट भारतको । भारतीय दूतावासमार्फत सिधै हिमाल, पहाड, तराई, गाउँ सहर सर्वत्र भारतीय लगानी भइरहेकै छ । कुनै पनि जनप्रतिनिधिलाई बिझाएको छैन ।

अन्य देशले पनि नेपालमा सहयोग दिइरहेका छन् । ती सबैले नेपाल सरकारमार्फत लगानी गरेका छन्, नेपाल सरकारसँग सहकार्य गरेका छन् । तर भारतले नेपालका स्कूल, कलेज, खानेपानी, बाटो सर्वत्र सिधै लगानी गर्छ । स्वतन्त्रता दिवसका दिन स्कूल बस, एम्बुलेन्स, सरकारलाई केही गाडी, निर्वाचनका बेलामा पनि सहयोग दिन्छ, यस्तै सहयोग पाइन्छ भनेर नेपालका समाजसेवी, माननीय, सांसद, मन्त्री भारतीय दूतावासमा दरखास्त हाल्छन् । आफ्ना मान्छेलाई छात्रबृत्ति दिलाउँछन्, कतिपयले छात्रबृत्ति पनि बेचेर पैसा कमाउने धन्दा बनाउँछन् ।

म्याद सकिएको थियो । आइन्दा नेपाल सरकारमार्फत सहयोग स्वीकार हुनेछ भन्न सक्थ्यो नेपालले तर यसअघिको प्रचण्ड सरकारले २०८३ सालसम्म नेपालका साना योजनाका नाममा भारतलाई सोझै प्रति योजना ५ करोड भारूबाट बढाएर २४ करोड भारूसम्म लगानी गर्न दिने निर्णय गरेपछि हस्ताक्षर गर्न विदेश मन्त्री एस जयशंकर नेपाल भ्रमणमै आएर सही गरेका थिए ।

तर नेपालसँग विशेष सम्बन्ध छ, छिमेकी पहिले नीति अख्तियार गरेको भारतले आयोजना गरेको जी २० सम्मेलनमा नेपाललाई निम्त्याएन । जहिले पनि भारतले नेपाललाई हेप्ने गरेको छ । नेपाल अघि बढ्ला भनेर घुमाई घुमाई नेपाललाई भारतको बजार बनाएको छ । नेपालका उद्योग धन्दा बेच्न लगाउने, उद्योग खोल्न नदिने र पानीमा समेत एकाधिकारकायम गरेर भारतले नेपाललाई मुठ्ठीको माखो बनाएको छ । नेपालको लिपुलेक, लिम्पियाधुरा, कालापानी भारतीय नक्सामा हालिसकेको भारतले नेपालको कूटनीतिक नोटलाई समेत बेवास्ता गरेर ती क्षेत्र भारतकै हो भन्ने दावी गरेको छ । नेपाली भूभागमा भारतीय शासन, नेपालमा भारतीय बजेट, नेपाल अस्तित्वको संकटमा पर्दै गएको छ । विश्वलाई भ्रमित पारेर नेपाललाई अघि बढ्न नदिने भारतीय नीतिका बारेमा नेपालले विश्वलाई जानकारीसम्म दिन सकेन । चीन भ्रमणका बेलामा प्रम ओलीले कुरा उठाउन सकेनन् । १० हजार मेगावाट विद्युत खरिद गर्ने भनेर नेपालका कुना कन्दरासम्म साझै लगानी गरेर भारतीय सुनामी फैलाएको छ । प्रश्न के छ भने संसारमा कुनै राष्ट्रले अर्को राष्ट्रमा सोझै लगानी कहाँ गर्छन् ? भारतले के सन्देश दिदैछ ? खोई भएको बहस ?

# वान बेल्ट वान रोडः जेएनयुका रिसर्चरको रिसर्च

वान बेल्ट वान रोड-
के गर्दैछ चीन ?

वान बेल्ट वान रोडको बारेमा केही लेखमा सबैकुरा समेट्न सकिने कुरा होइन यसका लागि धेरै नै अध्ययन अनुसन्धान आवश्यक देखिन्छ । वान बेल्ट वान रोडको परिचयात्मक पहिलो लेख यसअघि प्रकाशित भइसकेको छ । वान बेल्ट वान रोड आफैमा एउटा महाभारतभन्दा कम छैन र यो 'स्टेट अफ फ्लक्स'मा रहेको छ । यो भन्नुको मतलब चीन आफैं पनि वान बेल्ट वान रोडको परिकल्पनालाई निरन्तर छलफल, अध्ययन अनुसन्धानमा राखेर त्यसबाट निस्किएका नयाँ निश्कर्षलाई समेटेर अगाडि बढ्न खोजिरहेको छ । त्यस्ता विचार विमर्श तथा अध्ययन अनुसन्धानबाट प्राप्त सुझाव र सम्भावनालाई लिएर यसका नयाा सम्भावना र चुनौतीको आंकलन लगातार जारी छ । यो लेखमा यसै विषयमा केही चर्चा समेटिएको छ ।

संसारको आर्थिक खबरबारे लेख्ने विविध पत्रिकामा छापिएका विश्लेषण हेर्ने हो भने वान बेल्ट वान रोड केवल आर्थिक विकास गर्ने उद्धेस्यले मात्रै अगाडी सारिएको योजना होइन । चीनको सरकारी खबर संस्थाका अनुसार वान बेल्ट वान रोड चीनले एसिया, मध्य एसिया र युरोपलाई गर्न लागेको पब्लिक सर्भिस हो । वान बेल्ट वान रोड परियोजना अन्तर्गत चलचित्र प्रदर्शनीदेखि पुस्तक मेला, विविध विषयको अध्ययनका लागि छात्रवृत्ति, सजिलो तरिकाले भिसा दिईने व्यवस्था आदि पनि छन् । चीन वान बेल्ट वान रोडको परिकल्पना मार्फत एसियालाई युरोपसाग सजिलै जोड्न चाहन्छ र त्यो जोड्ने माध्यम हुनेछन: सडक, रेलमार्ग, तेल र ग्यासका पाइपलाइन, पावर ट्रान्समिसन लाइन, समुद्रीमार्ग र आधुनिक बन्दरगाह । अहिले आएर सूचना प्रविधिको विकास तथा त्यसलाई विस्तार गर्ने कुराहरू पनि वान बेल्ट वान रोड भित्र आएका छन् ।

वान बेल्ट वान रोडका लागि मध्य-एसियाका सबै देशहरू सकेसम्म लगानी गर्न तयार छन् किनभने यसले ग्यास र तेलका खानी रहेका देशहरूलाई रूस बाहेकका अरू खरिदकर्ताहरू भेट्न मद्दत गर्नेछ ।

वान बेल्ट वान रोडको काम कहिलेबाट सुरू भयो वा हुन्छ ?

हामी नेपालले वान बेल्ट वान रोडको हिस्सा हुनुपर्छ कि पर्दैन भन्नेमा बहसमा खुलस्त रूपमा सरकारी तवरमा छलफल हुन सकिरहेको छैन । वान बेल्ट वान रोडको बहसमा सरकारी हिच्किचाहटको कारण भारतीय दबाब वा भारत खुसी नहोला भन्ने लघुताभाष देखिन्छ । तर पनि नेपालमा विभिन्न तह तप्कामा वान बेल्ट वान रोडमा नेपालको संलग्नताबारे अलिअलि बहस जारी छ । तर यस मामलामा मध्य-एसियाका देशहरू निकै अघि बढिसकेका छन् । कजाखस्तानबाट तेलका पाइपलाइन चीनसम्म बिस्तार भइसकेका छन् । त्यस्तै तुर्कमेनिस्तानबाट सडक तथा प्राकृतिक ग्यासका पाइप, किर्गिस्तान र ताजिकिस्तानबाट चीन पुगिसकेका छन् । अब तिनलाई आवश्यकता अनुसार अन्य देशमा बिस्तार गर्ने योजना रहेको छ ।

सिल्क रूटमा भएका कतिपय कामहरू भने चीनका राष्ट्रपतिले वान बेल्ट वान रोडको घोषणा गर्नुभन्दा पहिले नै सुरू भएका थिए र ती कामहरू पनि अहिले आएर वान बेल्ट वान रोडको हिस्सा भएका छन् । चीनको उद्देश्य सकेसम्म धेरै भन्दा धेरै राष्ट्रलाई यस परियोजनामा जोड्ने भए पनि मध्य-एसियालाई धेरै प्राथमिकतामा राखिएको छ । यसकारण पनि हुनसक्छ चिनियाा राष्ट्रपतिले कजाखस्तानको राजधानी अस्तानामा पहिलोपटक वान बेल्ट वान रोडको बारेमा आफ्नो योजना प्रस्तुत गरे । मध्य-एसियालाई प्राथमिकतामा राख्नुका दुई मुख्य कारण हुन सक्छन् । पहिलो त प्राचीन सिल्क रोड मध्य-एसिया भएर नै जान्थ्यो र आधुनिक सिल्क रोडले पनि त्यसलाई जोड्न सकोस् भन्ने चाहना हो । तर त्यो भन्दा पनि महत्वपूर्ण कुरा चाहिं मध्य-एसिया तेल र ग्यासको खानी हो र चीन ती महत्वपूर्ण खानीहरूमा लगानी गर्न चाहन्छ र आ ̂ नो इन्धन आवश्यकतालाई पूर्ति गर्न मध्य-एसियामा आफ्नो राम्रो प्रभाव राख्न चाहन्छ ।

चीन वान बेल्ट वान रोडको परिकल्पना मार्फत एसियालाई युरोपसाग सजिलै जोड्न चाहन्छ र त्यो जोड्ने माध्यम हुनेछन्: सडक, रेलमार्ग, तेल र ग्यासका पाइपलाइन, पावर ट्रान्समिसन लाइन, समुद्रीमार्ग र आधुनिक बन्दरगाह । अहिले आएर सूचना प्रविधिको विकास तथा त्यसलाई विस्तार गर्ने कुराहरू पनि यस भित्र आएका छन् ।

मध्यपूर्वका देशहरूका दांजोमा मध्य-एसियाका देशहरू राजनीतिक रूपमा स्थिर छन् । पहिले सोभियत संघमा रहेका मध्य-एसियाका राष्ट्रहरूमा मुख्यतया मुस्लिमहरूको बाहुल्यता भए पनि धेरै हदसम्म आधुनिक पश्चिमा सभ्यता र संस्कृति आगालेका देशहरू छन् । चीनले यो पनि राम्ररी बुझेको छ कि ग्यास तथा इन्धनका खानी रहेका राष्ट्र (मध्य-एसिया)मा निरन्तरको स्थायित्वका लागि त्यहााका मुस्लिम जनताहरूलाई निरन्तर रोजगारी दिइनु पर्दछ । चीन आफ्ना छिमेकी राष्ट्रहरूमा 'मुस्लिम अर्थोडक्सी'को प्रभाव देख्न चाहदैन । त्यसको नकारात्मक असर मुस्लिम राष्ट्रसँग सीमाना जोडिएका आफ्ना प्रान्तहरूमा नहोस् भन्ने चाहन्छ । यस्ता र यिनै कतिपय कारणले वान बेल्ट वान रोडको मुख्य ध्यान मध्य-एसियामा हुनेछ । तसर्थ चीन मध्य-एसियामा ४००० किमिको रेलमार्ग र १०,००० किमिको सडक बनाउन १६ बिलियन अमेरिकी डलर खर्च गर्न तयार छ । वान बेल्ट वान रोडमा चीन र मध्य एसियाले यति प्रगति गरिसकेका छन् कि यो लेख पढ्ने कतिलाई आश्चर्य लाग्नसक्छ । सन् २०१६को फेब्रूअरीमा चीनको पहिलो कार्गो ट्रेन कजाखस्तान र तुर्कमेनिस्तान लाई पार गरेर इरान पुग्यो । त्यस्तै २०१६को सेप्टेम्बरमा चिनियाा कार्गो रेल कजाखस्तान र उज्वेकिस्तानको बाटो हुादै अफगानिस्तान सम्मको यात्रा गर्न सफल भै सकेको छ ।

यस विषयमा चासो राख्नेहरूलाई त केही हप्ता अघिको समाचारले झनै तरंगित बनाएको हुनुपर्छ । सत्र दिनको यात्रा पूरा गर्दै दशवटा देशको बाटो पार गर्दै पहिलो चिनियाा कार्गो बोकेको रेल लण्डनसम्मको यात्रा गर्न सफल भएको छ । चार मिलियन पाउण्डको कार्गो बोकेको रेल चीनबाट लण्डन पुग्नु विश्व व्यापारको सन्दर्भमा नयाा र ऐतिहासिक घटना हो । यी यस्ता तथ्य हुन् जसले भारत नभए नेपालले केहि गर्न सक्दैन वा भारतको सहारामा मात्र नेपालले केही गर्नसक्छ भन्ने भाग्यवादीहरूलाई चेतना प्रदान गर्न सक्छ र यो चेतना आएन भने हामी अझै पिछलग्गु, अविकशित, दरिद्र र गरीब भइरहनेछौं ।

कजाखस्तानबाट तेलका पाइपलाइन चीनसम्म बिस्तार भइसकेका छन् । त्यस्तै तुर्कमेनिस्तानबाट सडक तथा प्राकृतिक ग्यासका पाइप, किर्गिस्तान र ताजिकिस्तानबाट चीन पुगिसकेका छन् । अब तिनलाई आवश्यकता अनुसार अन्य देशमा बिस्तार गर्ने योजना रहेको छ ।

माथिका तथ्यलाई अझ यसरि बुझ्न सकिन्छ चीनबाट इरानसम्म समुन्द्री मार्ग हुादै पुग्न ४५ दिन लाग्थ्यो भने अब मध्य-एसियाली देशको बाटो हुादै जाादा त्यो केवल १४ दिनमा पुग्न सम्भव हुनेछ । त्यस्तै चीनबाट अफगानिस्तानको लागि कार्गो बोकेको रेल दुई हप्तामा ७,५०० किमि दूरी पार गर्दै हैरातन पोर्ट पुग्यो जबकि सामान्य अवस्थामा यो ठाउाबाट समुद्री मार्ग हुँदै सामान पठाउादा २/३ महिना लाग्ने त्यहााको सरकारी निकायले बताएको छ ।

वान बेल्ट वान रोडमा कसकसले सहमति जनाइसके ?

चीनले सुरू गरेको वान बेल्ट वान रोड सर्वस्वीकार्य परियोजनाचाहिं हैन । विश्वको ठूलो देश भारतले खुलेर यसको बिरोध त गरेको छैन तर खुलेर समर्थन गर्ने वा भाग लिने कुनै छेकछन्द पनि देखाएको छैन । भारतीय प्रभावमा दबदबामा बाँचिरहेका हामी अझै अन्योलमै छौ भनौं वा दक्षिणको छिमेकीको विचार नबुझी कुनै निर्णय लिनसक्ने अवस्थामा छैनौं ।

हुन तवान बेल्ट वान रोडको सुरूवात २०१३ मा अमेरिकी प्रभावलाई प्रतिरोध गर्ने उद्देश्यले पनि आएको हो तर बदलिएको अमेरिकी राजनीतिमा नयाँ राष्ट्रपति ट्रम्पको वान बेल्ट वान रोडप्रति के नीति हुने हो भन्ने अझै स्पष्ट भइसकेको छैन । तर के अनुमान गर्न सकिन्छ भने वान बेल्ट वान रोडको मामलामा अमेरिका पनि निकै सकारात्मक हुनसक्छ । यदि त्यसो भयो भने भारतले पनि वान बेल्ट वान रोडलाई स्वीकार गर्ने देखिन्छ । यस्तो अवस्थामा चीन सााच्चिकै विश्व महाशक्तिको रूपमा उदय हुनेछ ।

चार मिलियन पाउण्डको कार्गो बोकेको रेल चीनबाट लण्डन पुग्नु विश्व व्यापारको सन्दर्भमा नयाा र ऐतिहासिक घटना हो । यी यस्ता तथ्य हुन् जसले भारत नभए नेपालले केहि गर्न सक्दैन वा भारतको सहारामा मात्र नेपालले केही गर्नसक्छ भन्ने भाग्यवादीहरूलाई चेतना प्रदान गर्न सक्छ र यो चेतना आएन भने हामी अझै पिछलग्गु, अविकशित, दरिद्र र गरीब भईरहनेछौं ।

जी-७ राष्ट्रहरू मध्ये केवल जापान र अमेरिकाले मात्रै वान बेल्ट वान रोडमा समर्थन गरेका छैनन् । यसले चीनप्रति अमेरिका र जापान दुवैको अविश्वास देखिन्छ । तर हालै कार्यभार सम्हालेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका निकट सहयोगीहरूले पूर्व राष्ट्रपति ओबामाको 'एसियन ईन्फ्रास्ट्रक्चर ईन्भेस्ट्मेन्ट ब्याङ्क' प्रतिको नकारात्मक बिचारको विरोध गरेका छन् । यसलाई हेर्दा के बुझ्न सकिन्छ भने ट्रम्पको कार्यकालमा वान बेल्ट वान रोडप्रति अमेरिका नरम भएर प्रस्तुत हुनेछ । यस कुराले वान बेल्ट वान रोडमा हातेमालो गर्ने देशहरूलाई उत्साहित गर्ने नै छ र नयाा देशहरूलाई पनि वान बेल्ट वान रोडको अंश बन्न मार्ग प्रशस्त गर्नेछ । नेपालले यो मौका चुकाउनु हुादैन र पूर्ण रूपमा वान बेल्ट वान रोडप्रति मन, बचन र कर्मले सहभागिता जनाउनु पर्दछ ।

कति लगानी गर्छ चीनले वान बेल्ट वान रोडमा ?

अहिलेको आाकडा हेर्ने हो भने १ ट्रिलियन डलरको लगानी गरेर कम्तीमा ४४ देशहरूलाई जोड्ने लक्ष्य छ ।

यो परियोजनाको परिकल्पना चीनको उच्च नेतृत्वबाट आएको हुँदा चीन कुनै पनि हालतमा यसलाई पूरा गर्न लागिपरेको छ र चीनलाई साथ दिन चीनका नजिकका कजाखस्तान, उज्वेकिस्तान, ताजकिस्तान, तुर्कमनिस्तान लगायतका देशहरू तयार छन् । वान बेल्ट वान रोडका लागि मध्य-एसियाका सबै देशहरू सकेसम्म लगानी गर्न तयार छन् किनभने यसले ग्यास र तेलका खानी रहेका देशहरूलाई रूस बाहेकको अरू खरिदकर्ताहरू भेट्न मद्दत गर्नेछ । यस अर्थमा वान बेल्ट वान रोड सबैका लागि विन-विन हुने निश्चित छ ।

विश्वको ठूलो देश भारतले खुलेर यसको बिरोध त गरेको छैन तर खुलेर समर्थन गर्ने वा भाग लिने कुनै छेकछन्द पनि देखाएको छैन । मेरो अघिल्लो लेखमा पनि मैले यो उल्लेख गरेको छु कि पाकिस्तानको गवादर बन्दरगाहबाट चीनले सडकमार्गद्वारा कश्गर सहरलाई जोड्ने काम लगभग पूरा गरिसकेको छ र यो गेम-चेन्जर हुने सम्भावना छ । पाकिस्तान र चीनको यो कदमले भारत केहि अत्तालिएको देखिए पनि दक्षिण एसियाका सबै देशहरूका लागि भने यो खुसीको खबर हो । अन्तर्राष्ट्रिय बजारमा आफ्ना सामान सजिलै बेच्न र किन्न वान बेल्ट वान रोडलाई नेपाल लगायत सबै राष्ट्रले आफ्नो हितमा प्रयोग गर्ने सक्नेछन् । यसकारण नेपाल जतिसक्दो चााडोवान बेल्ट वान रोडको हिस्सा बन्नु आवश्यक देखिन्छ ।

- घनश्याम खड्का

*(जेएनयुका एसोसियट रिसर्चर हुनुहुन्छ ।)*




# किन बोल्दैनन् मानवाधिकारबादी ?

## औषधि खान नपाएर मर्दैछन् सहकारी पीडित

सहकारी पीडित औषधि खान नपाएर, खाना नपाएर, अनेक समस्याको समाधान गर्न नसकेर मर्दैछन् । सहकारी पीडितको बारेमा मानवाधिकारवादी किन बोल्दैनन् ? कहाँ छन् मानवाधिकारवादीहरू ?


६७ करोडभन्दा बढी ठगीधन्दा चलाएको भन्दै रास्वपाका सांसद रवि लामिछानेसहितका व्यक्तिहरू महिनौंदेखि थुनामा छन् । काठमाडौं, पोखरा, चितवन, पर्सामा लगेर बयान लिने काम भयो । अनेक जिल्लाबाट पक्राउ पूर्जी जारी भएका छन् । यथार्थमा देशमा ८७ अर्बको सहकारी ठगी भएको भनिदैछ र अझ रौंचिरा छानबिन गर्ने हो भने ४ खर्बभन्दा बढी सहकारीको रहम अपचलन भएको हुनसक्ने बताइन्छ । सहकारीमा साना बचतकर्तामात्र होइनन, ठूला ठूला बचतकर्तासमेत ठगिएका छन् । हुनसक्छ, ठूला बचतकर्ताहरूले सहकारीमा लुकाउन र बढी ब्याज कमाउन पैसा राखेका होलान् । तर साना बचतकर्ताहरू जसले बिरामी पर्दा उपचारका लागि, बिहानबेलुका खान लाउनका लागि, परिआएको गर्जो टार्नका लागि सहकारीमा निक्षेप राखेका थिए । ती निक्षेपकर्ताको निक्षेप फिर्ता नगरिदिंदा उपचार नपाएर, खान लाउन नपाएर, पीरैपीरले धेरै बचतकर्ताको मृत्यु हुनथालेको छ । रूँदै कराउँदै हिडेका छन्, बचत फिर्ता चाहियो भनेर गुहार लगाइरहेका छन् । ठूला पार्टीहरू राजनीति गरिरहेका छन्, साना पार्टीको कुरा कोही सुन्दैनन् । संसद मौन छ । अरू त अरू मानवाधिकारवादीहरू जो राजनीतिका लागि सिंहदरवार, बालुवाटार, दूतावास घेर्न पुग्थे, सर्वसाधारणको साना साना बचतको बाहुबलीहरूले अपचलन गरेर उडाउँदा बोल्दैनन् । किन ? आमनागरिकको रक्षा, सुरक्षा गर्ने सरकार, नागरिक समाज, संसद, जनप्रतिनिधि र मानवाधिकारवादीहरू कहाँ छन्, के गरिरहेका छन् ? तिनका लागि बोल्न र नागरिक हक रक्षा गर्न पनि मौसम हेर्नुपर्ने, भद्रो मिलाउनु पर्ने हो कि के हो ? होइन भने आफ्नै बचत फिर्ता नपाएर नागरिक मर्न थाले कसैलाई चासो छैन ।

कहाँ छ लोकतन्त्र ? लोक मर्दा नबोल्ने लोकतन्त्र किन चाहियो ?

लोकले शिक्षा, स्वास्थ्यमा ठगिनु पऱ्यो । समानता र सम्मानबाट ठगिनुपऱ्यो । शान्तिसुरक्षा पाउन सकेनन् । सुशासन भन्ने कुरा कौवालाई बेल पाकेसरह भयो । समष्टिमा भन्नुपर्दा लोकतन्त्र छ, लोकतन्त्रभित्र लोक छैनन् । लोकतन्त्र लूटतन्त्र बन्यो । हरेक जनताप्रति जवाफदेही हुनुपर्ने निकाय, ब्यक्ति, प्रतिनिधि, शासक गैह्रजिम्मेवार भए । जनताको अवस्था फेर्न सकेन यो व्यवस्थाले, देशको अवस्था लथालिङ्ग बनायो यो व्यवस्थाले । जुन व्यवस्थाप्रति जनआस्था मरेको छ, जुन व्यवस्थाप्रति जनताको अपनत्व छैन, त्यस्तो मूर्दा व्यवस्था बोकिरहनुपर्ने किन ? जुन व्यवस्थाले जनताको आवाज सुन्छ, जिवन्त रहन्छ, त्यस्तो व्यवस्था जरूरी छ । यो लूलो, लङ्गडो, कानो, मूर्दा व्यवस्था भनेको पहिरो हो । यो पहिरोले देशलाई लछार्छ, जनतालाई पछार्छ ।

व्यवस्था विवेकशीलले चलाउनुपर्छ । देश र जनताप्रति आस्थावान र त्याग गर्नसक्ने व्यक्ति हुनुपर्छ । तवमात्र व्यवस्था चल्छ । नाममात्रको लोकतन्त्रले लोकलाई धेरै लुट्यो । देशलाई लुट्यो । जनता भनेका राष्ट्र हुन्, जनताको बचतमा समेत अपचलन गर्ने, बाहुबली चलाउने र जनतालाई रूवाउने, मार्ने व्यवस्था धेरै दिन चल्न सक्दैन । जुन व्यवस्थामा मानवाधिकारवादी, विवेकशील र नागरिक चेतना बोल्दैन र अन्यायको मूकदर्शक साक्षी बन्छन्, त्यो व्यवस्थामात्र होइन, देशमाथि नै घातक अवस्था हो ।

# रातो क्रान्तिपछि निलो क्रान्तिका कुरा



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

मंसिरको जाडोले कक्रिएर पातलो ओड्ने ओडेर पल्टिरहेको छ अधवैशे दारीवाल । मनमा भय, त्रास र आतंक अनुहारमा छचल्किरहेको छ । खै के पो गर्ने हो, भित्रभित्रै डरले मुटु काँपिरहेको छ ।

मध्यरात कोही घुरेर निदाइरहेका छन् । कोही आच्छ्यु आच्छ्यु कस्तो जाँडो भन्दै छन् । सबैको उही नियति छ । डर र त्रास भने फरक-फरक छ । चिसो कोठामा न दया न माया, अपराध गरेको होस् या नहोस् तर बन्दी बनेको छ । सत्ताले जसलाई पनि बन्दी बनाइदिनसक्छ ।

आधारात, फलामको ढोका उघारेर नीलो बर्दीवाला पल्टिरहेको दारीवाललाई कोट्याउन पुग्छ । दारीवाल झस्किन्छ । 'के भो ?' दारीवाल प्रश्न गर्छन् । बर्दीवाल कुनै युद्ध जितेर आएको सिपाहीजस्तै गर्जिन्छ- 'खुरूक्क उठेर हिँड्' ।

हिजोसम्म नीलो क्रान्तिको 'अगुवा' दारीवाललाई निलै बर्दीवालले मध्यरातमा सातो लिने प्रयास गर्छ । दारीवाल ओड्ने पन्छाएर उठ्छ र सोध्छ, 'यो मध्यरात कहाँ जाने ?'नीलो बर्दीवाल कड्किन्छ- 'माथिको आदेश छ, हामीलाई जहाँ मन लाग्यो त्यही जाने । तँलाई भनेर लैजाने हो र ? खुरूक्क उठिहाल, हिडिहाल त ।'

'अहिले त म जाँदैजान्न, जान्न म यो मध्यरातमा, जानै परे भोलि बिहान जान्छु,' दारीवाल आफूलाई अलि निडरजस्तै गरी भन्छ । तर बर्दीवाललाई माथिको आदेश छ । दारीलाई कड्किँदै भन्छ, 'मलाई कुनै कुरा सुन्नु छैन, खुरूक्क हिँड् ।''म अहिले जान्न, यो रातिको समयमा किन जाने ? अनि बोल्दाखेरी अलि भद्र बन्नूस्,' दारीवाल पनि के कम, उल्टै आदेश दिएजस्तै बोल्छ । एकछिन दोहारी चल्छ ।

हास्यो, उत्तर कुनामा अडेस लागेर हरियो ब्ल्यांकेट ओडेर एकनासले हेरिरहेको अर्को थुनुवा हाँस्छ । 'समय हो समय, कहिले कसको पालो कहिले कसको पालो । दिन एकैनासको कहाँ हुन्छ राजा ? हामीले त यहाँ बसेर कति पीडा पायौं पायौं । अब पालो तिम्रो' थुनुवा बेस्सरी ताली बजाउँछ । दाह्रीवाला हच्किन्छ ।

दारीवाल अर्को थुनुवातर्फ निराश भएर हेर्छ । बर्दीवाल दारीवाललाई बाहिर निस्कन भन्छ । बर्दीवालको कुरा सुन्दा दारीवाललाई कतै अन्तै लैजान खोजेको हो कि भन्ने भान हुन्छ । उसलाई कता-कता डर लाग्छ । नजाउँ थुनुवा कोठामा, जाउँ भने मध्यरात कतै केही पो गर्ने हुन कि ? नीलोक्रान्तिकारीको मुटु हल्लिन्छ ।

झस्किन्छ, दारीवालको मनमा चिसो पस्यो । मनमनै सोच्छ, 'त्यसै छाड्लान जस्तो छैन नखाएको विष लागिरहेको छ ।' 'जाउँ कहाँ गाउँ छाडी लुक्ने सहर देख्या छैन' गीत मस्तिष्कमा आउँछ ।दारीवालको मनमा अझ डर बढ्दै गएको छ । तर पनि ऊ बाध्य भएको छ । बर्दीवालको पछिपछि लाग्छ । दिनभर अदालतबाहिरको भीडभाड र नारा जुलुस सम्झन्छ । अनि मध्यरात कतै लैजाँदै गर्दा उसले माओवादी जनयुद्धको समय सम्झन्छ । शासकहरूले आफ्नो कमजोरी लुकाउन जे पनि गर्न सक्छन् भन्ने कुरा दारीवालले पनि बुझेको छ । बुझेर के गर्ने बन्दी न पर्‍यो ।

जबरजस्ती दारीवाललाई बर्दीवालले हिरासतबाट बाहिर लैजान्छ । बन्दुकधारी अरू नीला बर्दीवाला पनि देखिन्छन् । ठूलै अपराध गरेजस्तै गरी मध्यरातमा दारीवाललाई गाडीमा राखिन्छ । दारीवाललाई गाडीमा राखेपछि टुप्पोमा राखिएको रातोबत्तीसँग बजेको एकोहोरो 'साईरन'सँगै गाडी हुँइकिन्छ । मध्यरात दारीवाललाई बर्दीवालले गरेको कर्मप्रति भित्रभित्रै रन्थनिएको छ । 'साला, नियम कानुन, संविधानभन्दा माथि कुनै व्यक्तिको आदेशमा चलाउन पाइन्छ ? मैले कस्तो नबुझेको रहेछु । म जस्तै अरू कतिले यस्तै पीडा खेप्नुपरेको छ होला ?' मनभित्र अनेक कुरा खेलिरहेको छ । मध्यरातमा हुँइकिएको गाडीमा बसिरहेको दारीवाल अब मेरो दिन सकियो कि क्या हो भन्ने सोचिरहेको छ । उसले मदन भण्डारीलाई पनि सम्झ्यो ।

हिजोसम्म नीलो क्रान्तिका लागि हिँडेको दारीवाललाई आज नीलो बर्दीवालकै कारण भित्रभित्र मृत्युको मुखमा पुगेकी भन्ने डर लागिरहेको छ । जसरी प्रल्हादलाई हिरण्यकश्यपुको आदेशमा बहिनी होलिकालाई काखमा राखेर जलाउने प्रयास गरेकी थिइन् । अहिले नीलो क्रान्ति भन्दै हिँडेको दारीवालको अवस्था त्यस्तै भएको छ । 'नो नट अगेन' बन्दै नीलो क्रान्तिको सपना बुनाएर उही हिरण्यकश्यपुको आदेशमा होलिकाहरूको काखमा बसेर रमाउन पुगेको दारीवाल आज तीनै होलिकाहरूकै कारण नीलो बर्दीवालको फन्दामा परेको छ । नराम्ररी फस्न पुगेको छ ।क

आधुनिक होलिकाहरू नीलो बर्दीवालको सहयोगले दारीवाललाई कहिले यता र कहिले उता कुदाइरहेका छन् । होलिकाहरूको काखमा बस्नै हुन्नथ्यो भन्ने थाहा हुँदाहुँदै पनि दारीवाल नीलो बर्दीवाललाई तह लगाउनेगरी बसेका हैनन् र ? तर समयले कोल्टे फेरेको छ । होलिकाहरूले आफ्नै काखमा राखेर दारीवालको दारी डढाउने प्रयत्न गरिरहेका छन् । स्वार्थको चंगुलमा नीलो क्रान्ति कसरी सम्भव होला र ? नीलोलाई नीलो, कालोलाई कालो भन्न सक्नुपर्छ । त्यो ताकत कहाँ हुनु ?

सत्तास्वार्थ र भ्रममा अर्काको 'बा' लाई आफ्नै 'बा' मानेर हजारौ गल्तीहरूको ढाँकछोप गर्दै होलिकाको न्यानो काखमा बसेर 'बा' लाई 'म्वाई' खाँदै नर्कमा बसेर स्वर्ग देख्दाको हविगत दारीवालले नीलो बर्दीवालबाट भोगिरहेका छन् । आखिर हिरण्यकश्यपुलाई कुनै हालतमा पनि प्रल्हादलाई सिध्याउनु छ । त्यस्तै दारीवालको नीलो क्रान्तिलाई जसरी हुन्छ सिध्याउनुपर्छ भन्दै नीलो बर्दीवाललाई होलिकाका रूपमा प्रयोग गरिएपछि कसको के लाग्छ र ? कहिले कास्की, कहिले बुटवल, कहिले चितवन, कहिले काठमाडौं, कहिले बारा । राज्य होस् त नेपालजस्तो । शासक हुन् त देउऽली जस्तो ! कानुनसानुन यस्तै हो आदेशमात्र मानून् नीलो बर्दीवाल । 'बा' हरूको साथ, होलिकाको काखमा होस् बास ! न्याय नपाए गोर्खा जानु भन्थे, अहिले त गोर्खा आफैंले न्याय पाएको छैन । दारीबाल झल्याँस झस्किए । नीलो बर्दीवाल आदेशका नाममा अनेक सुनाइरहेका थिए । नीलो क्रान्ति गर्ने दारीवाल । बिहान यता, दिउँसो उता, रातमा कता-कता । भोलिका दिनमा दाह्रीको हविगत के हुने हो, आजै भन्न कहाँ सकिन्छ र ? किनकि नेपाल हो, जे पनि हुनसक्छ भनिन्छ ।




# किताब पढ्नेहरूको अभाव हुनथाल्यो



सुरेशकुमार पाण्डे

कुनैदिन थियो म आफैले केही पुस्तक नपाएर कता-कता भारत बनारस र कालकत्ता तिरबाट मगाएको सम्झना हुन्छ । त्यो वेला पढ्ने अध्ययन गर्नेहरू प्रसस्तै भेटिन्थे तर चाहिएका पुस्तक बाजारमा उपलब्ध थिएनन् ।

आज किताब अनेक छन्, पढ्ने बानी छुट्दै गएको छ । पढ्ने संस्कार नभएपछि बुद्धि कसरी आउँछ । हुन त यो आठ पासेले चलाउने राजनीति र कूटनीति भएको मुलुक न हो ।

हिजो राम्रा पुस्तक राजधानी सम्म खोज्दा पनि भेट्न गारो हुन्थ्यो । त्यो वेलाको पाठकहरूको अबस्थालाई देखेर धेरै महापुरूषहरूका जीवनी एउटै किताबमा समेटेर बजारमा ल्याउन वर्षौं लगाइन्थ्यो । मैले परिकल्पना गरेको जस्तै पुस्तक त नेपाली भाषामा अँझै पनि छैनन् । तर अन्य फुड्कर जीवनीहरू अनुवाद गरिएका पुस्तकहरू आज बाजारभरी छन् । पढ्ने कसले ?

साहित्यकारहरू गहन मिहेनत गरी पुस्तक लेख्छन् अनि उनिहरू ति पुस्तकहरू त्यत्तीकै बाँट्छन् । कयौंले पुस्तिकाका पाना पल्टाएर पनि हेर्दैनन् । आफुले गरेको परिश्रमिक त टाडैको कुरा हो बरू आफुले प्रकासन गर्दा गरेको खर्च समेत उठ्दैन ।

लेखक साहित्यकारहरूले यस्तो अबस्था झेल्न सक्छन होला ? यस्तो बिडम्बना हाम्रो साहित्यिक क्षेत्रको छ ।

अचेल कस्तो अवस्था सिर्जना भयो भने जस्को नामचलेको छ उसैको पुस्तिकाहरू बिक्री हुन्छन् । मानिसहरूले राम्रो होइन हाम्रो वा शक्तिशाली व्यक्तीको लेख रचनाहरू किन्छन् । पुस्तक छपाउँनेहरू या त कुनै पार्टीका प्रमुख हुनुपर्यो ।ताकी कार्यक्रताहरूले बिक्री बितरण गर्दिन्छन् वा नामी हुनुपर्यो । शक्तिशाली व्यक्ती र नेताका लेख रचनाहरू धमाधम बिक्री हुन्छन् त्यो पनि लागत भन्दा बढी मूल्यमा । त्यो पुस्तकहरू धेरैजसो पढ्नलाई भन्दा ति नेताहरूको नजिक पुग्नका लागि उनैका आसेपासेहरूले किनेका हुन्छन् ।

साधारण मानिसले साहित्यिक क्षेत्रमा गरेको परिश्रम व्यार्थै खेरजानथाल्यो । मोबाइलमा पनि लेख रचना आउँछन् । कतिपय पुस्तक नेटमा डानलोड गरेर पनि पढ्न मिल्छ । पुस्तक हेर्ने, बोक्नेहरू मात्र फेसनमा सिमित छन् ।

मोबाइलमा सकारात्मक र नकारत्मक दुबै पक्ष हुन्छन् । हुन त साहित्यिक क्षेत्रमा पनि पुस्तिकाकै रूपमा अश्लिल लेख रचना छताछुल्लै छन् । त्यसबारेमा बुझ्ने चुन्ने त आफैले हो । अचेलका बालबालिकाहरूले परायाजसो कार्टुन् र चमत्कारी गेम मोबाइल खेल हेर्न मन पराउँछन् । यो विदेशी प्रभाव हो ।

युवाहरूले अश्लिल र रोमांटिक खालका फिल्महरू हेर्छन् । न्यूड मनपराउने नयाँ पुस्ताले साहित्यलाई खासै पढ्दैनन् । कोही भजनमा लीन छन् ।

मोबाइलको आगमन भन्दा पहिले उपन्यास, कथा आदिमा ध्यान लगाउंनेहरू प्रसस्तै थिए । आज पाठक घटेको छ ।

विद्यार्थीहरूको हश्तलेखन समेत मोबाइलको प्रभावमा परेको छ । यस्तो परिस्थितिमा साहित्यिक क्षेत्रमा कविताका ससाना विधाहरू जन्मिदै र झाङ्गिदै आएका छन् र जन्मिनु स्वाभाबिक पनि हो । प्रगतिसिल बालकथा अहिलेको आवस्यकता भएको छ । आजकलजनप्रिय कविता, गजल, पञ्चाङ्ग, मुक्तक, झर, साइनो, जुनेली, टुक्का, झिल्का, कोपिला, बाछिटा, उदेकलगायतका कविताका उप विधाहरू बनेका छन् । उस्तै लघुकथाले पनि विश्वको ध्यान खिच्दै गएको छ । कतिपयलाई लाग्नसक्छ लघुकथा कसरी जन्मियो कहिले जन्मियो । यसबारेमा भन्नुपर्दा यो नविनतम विधा भने होइन । केही वर्षदेखि यसमा व्यापकता आउन थालेको देखिन्छ ।

आखिर लघुकथा के हो ? यसलाई कसरी लेख्ने र यसको इतिहास कस्तो छ ? भन्नेबारे चर्चा गर्नु सान्दर्भिक होला ।

साहित्यमा सबैखाले विधाका आ-आफ्नै प्रकारका विधागत चिनारीहरू हुन्छन् । जस्तै कविताको मूलभूत चिनारी लय विधान हो, निबन्धको चिनारी दृष्टिकोण हो, नाटकको संवाद वा अभिनय हुन्छ भने कथाको घटना हो । त्यसैले कथा घटना वा कथा वस्तुलाई केन्द्रमा राखेर गरिने गद्यात्मक सिर्जना हो । जसलाई आख्यान पनि भन्निन्छ । यो स्वयरकल्पनामा आधारित पनि हुन्छ । संरचनात्मक आयामका दृष्टिले आख्यानका पनि लघुतम् संरचना ( लघुकथा)लघु संरचना (कथा)र वृहत् संरचना (उपन्यास आदि रूपहरू पाइन्छन्) बिभिन्न वुद्धीजिवीहरूको भिन्न भिन्न मत हुनसक्छ तर पनि (लघु) छोटो (कथा) कहानी । अथवा लघुकथा जो २५० शब्द भित्रै काल्पनिक वा यथार्थ घटनामा आधारित हुन्छ । यसको प्रयोग "माथि भनेनुसार' प्राचिनकाल देखि नै हुँदैआएको पाइन्छ । यसबारेमा सैद्धान्तिक चर्चा भने सन् १९५०को दशकबाट हुँदै आयो । औपचारिक अवधारणा १९८० को दशकबाट भएको देखिन्छ । कुनैपनि विधा जन्मिएपछि त्यसको बारेमा एउटा मीन बनाएर व्यवस्थित गर्नु भनेकै विधान हो । कविता कथा सबै साहित्यिक रचनाहरू विधागत हुन्छन् ।

नेपाली लघुकथाको प्रारम्भ शक्तीबल्लभ अर्यालको "महाभारत विराट पर्व' १८२७ बाट भएको मानिन्छ । प्राथमिक कालिन "मुन्शीका तीन आहान'मा लघुकथाको पूर्वस्वरूप पनि फेला परेको बताइन्छ । विक्रम संवत १९९२ को "शारदा'पत्रिकामा प्रकाशित पूर्णप्रसाद ब्राह्मणको "वरदान' शीर्षकको लघुकथालाई नेपालको पहिलो लघुकथा मान्ने गरिन्छ । पुस्तककार कृतिमा भने ब्राह्मणकै २००७ सालमा प्रकाशित "झिल्का'लाई नेपाली लघुकथाको पहिलो कृति मानिन्छ । यसबारेमा लघुकथाका पारखीहरू लेख रचनाहरूबाट बुझ्न सकिन्छ ।

पूर्णप्रसाद ब्राह्मणले नेपाली साहित्यिक क्षेत्रमा वरदान कथा १९९२, २१कथा २००३, झिल्को २००७, म लोग्ने हुँ २००८, अगुल्टो कविता २००८,एक कथा उपन्यास् २०४२, ३१कथा २०४२, ११कथा २०४३, अध्यक्ष उमा २०४४,कुन्तीको समाचार२०४४, सम्झौटो २०४७, संस्कृत तर्फ- सत्यम् हरिश्चन्द्रम् महाकाव्य २००७, विश्वदेवा काव्य २००७, तदर्थ मेव(उसैको लागि अनुवाद) २०२६, इशावास्यवृति २०२७,राजतन्त्र सदा जिव्या २०४२, लगायतका कृतीहरू लेखेका थिए । यिनलाई २०२६मा नेपाल राजकिय प्रज्ञाप्रतिष्ठानले स्वर्णपदक दिएको थियो । उनैले १९९७/९८सालमा तुलसी मेहर र गान्धिवादबाट प्रभाबित भएर चर्खा आन्दोलनमा सहभागिता जनाए । २००८सालमा प्रजापरिषदको सदस्य, सो छाडी मुक्तिशेनामा विद्रोह गरेर भारत पुगे । पछि गान्धिवाद बनेर माफी पाए, नेपालमा राजाले आउन दिए ।

२०१२ सालमा राष्ट्रिय जनराज्य परिषद पार्टीमा सामिल भए । २०१५मा जनता पार्टी बनाई त्यसको अध्यक्ष बने । त्यो पार्टी २०१६साल बैशाख ८गते राष्ट्रिय प्रजातान्त्रिक मोर्चामा बिलय भयो । २०१७मा पञ्चायती व्यवस्था लागु भयो त्यसको बिरोध गर्दा जेलमा पुगे । २०१९ साल पछि राष्ट्रिय सभा स्थायी समितिका सदस्य भए र २०२७ सालमा प्रमुख निर्वाचन आयुक्त बने । २०२७ मा रामराजा प्रसाद सिँहलाई राष्ट्रिय पञ्चायतमा सपथ गरहण गराए पछि २०२८ सालमा राजिनामा दिन बाध्य भए । (स्रोत पूर्णप्रसाद ब्राह्मणको जीवनीबाट व्यक्तित्व र कृतित्व) यसरी पूर्णप्रसाद ब्राह्मण साहित्यकार, लेखक र राजनितिज्ञ समेत थिए । उनैले पहिलो पटक नेपाली लघुकथाको कृति प्रकासित गरेर सुरू गरेका थिए ।

लघुकथा छोंटो कथामा पूर्णरूपमा विषय बस्तुको उठान, संदेशमूलक र कालजयी सुचना, ज्ञान, मनोरञ्जन् युक्त हुनुपर्छ ।

घटना, कथा वस्तु, कथानक, पात्र छनौट, चरित्र, ठाउँ, समय, वातावरण, परिवेश, उदेश्य, भाव/बिचार, दृष्टिविन्दु, भाषा शैली आदिमा ध्यान दिनुपर्ने हुन्छ । शीर्षक लघुकथाको मियो नै हो । कथाको उठान र परिवेश पछि कथाको अन्त्य रोचक अर्थात कोतुहलता वा व्यङ्ग्यात्मक झट्केदार हुनुपर्छ भन्ने लघुकथाकार र विज्ञहरूको भनाई छ ।

लघुकथा मै पिएचडी गरेका डाक्टर हरिप्रसाद भण्डारी र डाक्टर पुष्करराज भट्ट लगायत लघुकथाको क्षेत्रमा आजपनि लगातार जुट्नु भएको देखिन्छ । राजु क्षेत्री अपुरो, कपिल लामिछाने लगायतका थुप्रै अग्रजहरूबाट अझ धेरै बुझ्न सकिन्छ ।

हाल बिभिन्न चिन्तकहरूले लघुकथाको बारेमा थप अनुसन्धान् गर्दै आ आफ्ना बिचारहरू प्रकासित गर्दै आएकाछन् ।

पूर्णप्रसाद ब्राह्मणको झिल्काबाट धेरैजसो लघुकथाकारहरूले ज्ञान हासिल गर्दै आजको अबस्थासम्म आइपुगेको ऐतिहासिक सत्य हो भन्ने प्रशस्तै आधारहरू छन् ।अहिलेको व्यास्थ समयमा र यो मोबाइल खेलको लत भएका बालबालिकाहरू र अन्य उपन्यास लामा लेख कथामा मन नलगाउनेहरूलाई लघुकथाले आफुतिर खिच्दै लगेको देखिन्छ ।

साहित्यकारहरूले साहित्यिक क्षेत्रमा लगातार साधना गर्दै नयाँ नयाँ कविता कथाहरू जन्माउँदै आएकाछन् । बाजारमा किताबहरू थुप्रिएका छन् तर पाठकहरूको अभाव छ । नेपाली भाषा कला र गला पत्रपत्रिकाहरूको व्यबस्थापन हुन सकेको देखिदैन । सरकारी सर्कटबाट त झनै निरासजनक र उदासिनता देखिन्छ । समयमा साहित्यिक क्षेत्रमा ध्यान पुगोस ।

# अब राष्ट्रवादीहरूले कार्यगत एकतामा जुट्नुपर्छ

राष्ट, जनता, राजासंस्था अनि पारंपारिक गौरव अनुभूति आपसमा जोडिने भावनाको संयुक्त रूप हो अर्थात कुनै देश राष्ट्र बन्न यी सबै तत्वको आवश्यकता पर्दछ मात्र भूगोलले देश बन्छ तर राष्ट्र बन्दैन । त्यसैले राष्ट्रवाद भाषमा, पोशाकमा मात्र सिमित हुँदैन । राष्ट्र बन्ने यी सबै तत्वको आदर गर्ने र यसको निमित्त समर्पण गर्ने भावना राष्ट्रवाद हो । राष्ट्रवादको अधुरो बुझाई फैलाएर फलाना दलमा लाग्ने वा फलाना नेताको पिछलग्गु हुनेमात्र राष्ट्रवादी भन्ने भ्रम फैलाउन खोजिएको छ । कसैकसैले त हिन्दूराष्ट्रलाई राष्ट्रवादको पयार्यवाची पनि बनाएका छन् ।

यहाँ हिन्दू अधिराज्य र गणतन्त्रको छनक दिने हिन्दू राष्ट्रको फरक वारेमा केही उल्लेख गर्नु वान्छनीय छ । अधिराज्यमा राजा एक निश्चित परम्परा बोकेर आउँछन् । परम्पराको संरक्षण, जनता प्रति समान व्यवहारको चलन बोकेर आउने हुँदा हिन्दू अधिराज्यले सबैलाई समान व्यवहार गर्दछ । धर्मको मामिलामा राज्यसत्ताको नभई राजाको कर्तव्य र अधिकार रहन्छ । यसले राज्य सञ्चालन गर्ने राजनीतिमा धर्मनिरपेक्षता कायम गर्दछ । राजासंस्थाको कर्तव्य जो कोही र जस्तो भए पनि आफ्नो जनतालाई समान व्यवहार गर्नु हो । राम्रो




कामको पुरस्कार र नराम्रो कामको दण्ड दिनु हो । त्यसैले व्यवस्था जे जसो भए पनि दण्ड र पुरस्कारलाई राजदण्ड अनि राजपुरस्कार भनिन्छ ।

यसको विपरित हिन्दू गणतन्त्रमा वैधानिक रूपमा हिन्दू राष्ट्र रहे पनि त्यसको संरक्षणको जिम्मा लिने कोही हुन्न । युगौदेखि एक भएका विभिन्न सम्प्रदायहरू बीच वैमनश्यता बढाई रहेको वर्तमान अवस्थामा वैधानिक बनाईए पनि गणतन्त्रमा हिन्दू राष्ट्रमा हिन्दूत्वको हैकम सन्त महन्त आदिको हातमा जानुपर्ने हुन्छ । यसरी भारतका धर्माचार्यको हातमा देश जाने निश्चित छ । त्यसैले गणतन्त्रको उपस्थितिमा हिन्दू राष्ट्र भनेको विस्तारवादको पक्ष पोषण हो । गणतान्त्रिक हिन्दूराज्य भनेको राष्ट्रवादको विरूद्धको अवस्था हो भने हिन्दू अधिराज्य राष्ट्रवादको उच्चतम अवस्था हो । को राष्ट्रवादी हो र को होईन भन्ने जाँच्ने कुनै निकाय छैन र हुनु पनि हुन्न । तर केही बर्ष यता कुनै दल, नेता बिशेष अनि त्यो नेताका पिछलग्गुहरूले आफूलाई त्यो निकाय ठानेका छन् । यो आफ्नो हैसियत बाहिर गएको अनाधिकार चेष्टा हो । यसले राष्ट्रवादी जोड्दैन बरू थप फुट्छन् । किनभने धेरैमा निम्न भावना छन् । वरिष्ट कनिष्टको भावना : धेरैमा मेरै पछि लाग्नुपर्छ, मेरो सोच नै सबैभन्दा उत्तम हो म नै नेता हुँ भन्ने दम्भ छ ।

दम्भले हिजोकालाई बिगाऱ्यो, दम्भले आजकालाई बिगार्दैछ ।

संगठन बनाएर त्यसको नेता बन्ने लोभ : जसले १०, २० जना जुटाएर एक संगठन खोल्न प्रेरित गरेको छ । यस्ता संगठनहरूमा विरोधीसंग संघर्ष गर्ने भन्दा समान प्रकृतिका अरू संगठनहरूको खोईरो खनेर आफु ठूलो हुन खोज्ने दम्भ प्रवृति हावी छ । हुँदैछ ।

लक्ष भन्दा प्रचारमुखी : काम भन्दा कसरी छिटै आफ्नो वा आफ्नो समुह चर्चामा आउँछ भन्नेमा ध्यान जाँदा परिणाममुखी काम हुन सकेको छैन । कतै सभाको कार्यक्रम गर्नु र त्यहा भाषण गर्नु चाहे श्रोता १० जना पनि नहुन् । संचारकर्मीहरूको चाकरी गरेर त्यस्ता ससाना कामको समाचार प्रसारण गराउनु । यस्ता कामको सूची बोकेर फूर्ति लगाउनु ।

राजा र राजसंस्थाको नाम प्रयोग गर्नु : आफु राजाको नजिक भएको, राजसंस्थालाई आफुलेमात्र काँध हालेको जस्ता प्रचार गरेर ठूलो बन्न खोज्नु । यसमा स्वागतमा लामबन्द भएको फोटो, त्यहाँबाट प्राप्त शुभकामना, निमन्त्रण जस्ता कुराको सकेसम्म प्रचार आदि पनि पर्दछन् । हुँदाहुँदा आफ्ना भरौटेहरू मार्फत कठिन समयमा आफुले काँध थापेकोले अव आफूलाई काँध थाप्नुपर्ने प्रचार गराउन पछि पर्दैनन् ।

राष्ट्रवादीहरू कार्यगत एकता गर्न आवश्यक छ । एकतामा कसैको अहंमा चोट नपुग्ने हुनुपर्दछ । यसको निमित्त आआफ्नो वर्तमान प्रतिष्ठा र अवस्था कायम राखेर आफुले गर्दै गरेको कामलाई पनि निरन्तरता दिदै जुट्न आवश्यक छ । केवल नेपाल अधिराज्यको गौरव फेरी प्राप्त गर्नका निमित्त मात्र सहयात्रा अभियानको धारणा हुनुपर्छ । राष्ट्र लक्ष भएकाहरूले सहयात्रा गर्ने भैसकेपछि त्यसको निमित्त के गर्न पर्दछ भन्ने कुराको निर्णय छिटो गर्नुपर्छ ।

### Need of Educationing Dignified Menstruation in the school and colleges
### An Orientation Program at Mount Everest School Bhaktapur Suryabinak

# My Appreciations and Major Impressions



**Uttam Karmacharya**

(Part one )

Mostly I used to attend Rotary Club of Bhaktapur ( RC Bhaktapur ) weekly regular meetings as a Chartered Vice-president and first President of RC Bhaktapur 2005/06 .In the History Rotary District and other clubs of Nepal around 160, the issue , education and awareness of Dignified Menstruation (DM) has becoming increasingly important presentation everywhere. I got first opportunity to know about Dignified Menstruation during the first presentation of Ms. Radha Paudel at RC Bhaktapur in our weekly Meeting in Hotel Sweet Home some year back. Since then It has been raising as a priority and burning agenda in the schools and colleges. Then I got chance to go through the article of Ms. Radha Paudel in our RC Bhaktapur our Souvenir number 20 page 60 entitled " Impact of RC Bhaktapur for advocating on dignified Menopause ".

Secondy I have gone through the article of Ms. Binita Hada published in our Souvenir number 20 page 78 entilted "Mensuration Talk Dignified First ". As I know the presentation on DM were conducted in several schools through RC Bhaktapur and Rotaract clubs of Bhaktapur. I highly recommend / appreciate the initialization of Rotaract Club of Bhaktapur.

Last week, during our weekly regular meeting of 1072 number, I came to know that the Rotaract club of Bhaktapur was organizing orientation program of DM at Mount Everest High School Suryabinayak on last Sunday coordinated by the RC Bhaktapur President Rtr. Priyanka Chauguthi . I was fortunate to join the orientation program with the initiative of our RC Bhaktapur 21 th President Dr. Gyanendra Narayan Dhaubhadel. He was so kind to pick up me and have light breakfast at Harati cafe on the way back from orientation program that was packed for 90 students as a light snack for joining during reusable pad making workshop at the Mount Everest High School the same day.

While having our light lunch at Harati cafe with double Americano, I came to know that the orientation program was supposed by Ms. Hada including Snakes for the students. In this case RC Bhaktapur must express our thanks and gratitude to our 18 th Past President Ms. Binita Hada for her support and dedication towards educating DM in the school through the cooperation and in collaboration with Rotract club of Bhaktapur. We appreciate Rotaract Club President Ms. Preyanka and her hospitality to welcome with Khaadaa in the meeting hall of the school amid around 200 students and senior staff of the school before starting the session including two energetic trainers: Jyotsna prajapati and Ms. Sarita Duwal.

Mount Everest High School and Mrs Sangita Hamal



MOUNT EVEREST EDUCATION FOUNDATION

Mount Everest School is an independent, co-educational school, established in 1990 with the aim to provide students necessary educational and experience to set them up for their future career path. This school has completed a glorious history of 32 years and it has been thriving with the success of every student, whom we consider a valued member of our school. The school is dedicated to make every student intelligent, innovative, responsible and capable to cope and overcome all the difficulties, and get focused to achieve their goals. The school is academically divided into three levels Pre Primary, Basic and Secondary. Teachers are competent enough to guide the students to achieve the academic and intellectual progress. The school considers every student a unique individual with unique set of capacities and try to embrace their uniqueness in collaborative teaching and learning approach. The highly trained staff uses Montessori and other proven methodologies to help students grow socially, academically and physically. The teachers and students regularly participate in Transcendental Meditation (TM) to stay more focused and stress free in order to improve skills and knowledge.

MISSION:

-To provide our students the education, that meets the need to be the leader of their generation.
-To equip with proper knowledge, skills and attitude to meet the demand of this century.
-To nurture students' emotional, intellectual m, moral, social and physical dimensions and aspire them to become creative, compassionate and confident citizens.
-To produce capable, efficient and qualified human resources in every discipline.
-To contribute to the academic excellence of the nation in general in particular through non-governmental undertaking.
-To fulfil the academic aspiration of the local people at affordable financial cost.

WROK STRATEGIES:

-The introduction of scientific curriculum.
-English as a medium of instruction and communication.
-Qualified, well experienced and dedicated teaching staff.
-Strict standard of teachers' and students' discipline.
-Sufficient emphasis on extra-curricular activities to ensure the all-around development of the students.
-Providing improved teaching materials, audio-visual equipment, computers, library, laboratory, etc.
-Creative, Project Works, Research, Excursion, Field Trip and Experiment.
-Education through meditation.
-Leadership building and group work.

The school has been achieving very good results in the SLC examinations since 2053. In respect of co-curricular and extra-curricular activities, our students have participated in different competitions and worn various national and international awards. The school family has special identify and quality. We call it the Mount Everest Culture. This culture includes the co-operation among teachers-teachers, students-students and teachers-students. No member of the school family overlooks any problem lying in from of him/her. Everybody respects the elder and loves the younger.

Orientation on Dignified Menstruation and Reusable Pad-Making Session.

The presentation includes key topics such as menstrual health, sustainable practices, and breaking menstrual stigma, along with details about the International Dignified Menstruation Day and the activities conducted during the event based on Power Point slides presentation.

These slides provided a comprehensive overview of the session, designed to engage participants and empower them with the knowledge to advocate for menstrual equity and dignity.

**Introduction of the resource person's one**

• Name: Ms. Jyotsana Prajapati Role:Founder of SRHRxMenstrual Hub (SM Hub)
• Experience: Over 8 years in social work, SRHR, MHM, CSE, and menstrual health advocacy.
• Current Role: Programme Officer at SOS Children's Village Kavre, leading programs for children and families.
• Passion: Advocating for menstrual health, sustainable menstruation practices, and breaking menstrual taboos.
• Goal for Today: Empower you with knowledge and tools to promote dignified menstruation.



**Introduction of the resource person's two**

• Name: Ms. Sarita Duwal
• Role: Social Worker at Unatti Foundation
• Experience: Extensive experience in Menstrual Hygiene Management (MHM) education, community art facilitation, and child support programs.
• Current Role: Facilitating the Girls' Health Empowerment Education Program (GHEEP) and Community Art Program, while supporting children in the Unatti Home Program.
• Passion: Promoting sustainable menstrual practices and empowering communities through education and creativity.
Goal for Today: Equip you with knowledge and skills to champion sustainable menstrual health practices.



**What is Menstruationæ**

**• Definition: A natural biological process where the uterus sheds its lining, resulting in blood flow through the vagina.**
**• Cycle: Typically occurs every 28-35 days and lasts 3-7 days.**
**• Purpose: A vital part of the reproductive cycle, preparing the body for potential pregnancy.**
**• Key Hormones Involved:**
**& Estrogen and progesterone regulate the menstrual cycle.**
**• Onset and End:**
**& Begins during puberty (menarche) and ends during menopause.**
**Additional Facts:**
**• Menstruation is a sign of a healthy reproductive system.**
**• Average blood loss during a period is about 30-40 ml.**
**• Every individual's cycle and experience can vary.**
**& Estrogen and progesterone regulate the menstrual cycle.**
**• Onset and End:**
**& Begins during puberty (menarche) and ends during menopause.**
**Additional Facts:**
**• Menstruation is a sign of a healthy reproductive system.**
**• Average blood loss during a period is about 30-40 ml.**
**• Every individual's cycle and experience can vary.**

**My appreciations and major impressions**

1. The modality of orientation was remarkable as a peer teaching and microteaching based modality
2. The keynote speech deliver edby respectable principal madam was very valid and reliable with reference to the orientation program and importance of the issues of educating young students both boys and girls
3. Respectable principal madam was found kind enough to express appreciation of the roles played through Rotaract and Rotary Club of Bhaktapur with the presence of Present President Dr. Gyanendra Narayan Dhaubhadel and first President Prof. Dr. Uttam Karmacharya and Rotaract President preyanaka and Ms. Puri and other 4/5members
4. The question / answer session was very lively and frank with both boys and girls with the trainers
5. The presentation of verities of menstruation pads and its uses was quite interesting and remarkable

**My imprecisions**

**1. Around 200 students are well disciplined and motivated during orientation program for aroud three hrs**
**2. Well managed orientation hall and miking system and multimedia system**
**3. Remarkable supervision of teachers to keep the students alert and active the whole session**
**4. This type of orientation program should be extended to other schools and colleges as soon as possible.**
**5. This PPP contents should be included in our school and college curriculum and develop the textbooks accordingly.**

---

*(Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Dr. Uttam Karmacharya of Tribhuvan University was a former Resource Person for China (Unesco Nanjing), Denmark, World Education, Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, SriLanka, Thailand, (Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) ACCU Japan / Nepal and Director, Centerfor Education for All (CEFA) Banepa Nepal.)*

# Smash And Grab

*By Sunanda Datta Ray*

This assertiveness made a temporary, not long-term, difference. If the Chogyal had been content with an empty title and a pension, whiling his time away in drinking and at the mah-jong table, India might have tolerated the monarchy to the end of his life, while pointing to his lifestyle to show how useless and irrelevant it was. After that, some means would doubtless have been devised to debar Tenzing from ascending a throne which would by then have become redundant in any case.

For (lie monarchy remained the only serious obstacle to absorp tion. If a republic with a protectorate tied to its apron-strings was a political oddity, a kingdom in association with a republic was even. more of a constitutional absurdity. But there was no way in which Mrs Gandhi's government could wipe out this anomaly so long as the Chogyal existed. And his office was sanctified by an Act that. also guaranteed Sikkim's exclusion from India's territory. The plan, therefore, was to make it impossible for the Chogyal to function even within narrow prescribed limits and to continue to whip up political animosity so that India could plead that the throne had made itself utterly repugnant to the people. It was. a tantalizing. game of patience; but being aware of his disposition, the PO and chief executive expected sooner or later to wear down the Chogyal's flexibility and provoke him into taking a false step that Kazi would then be able to advance as justification for repealing the constitution and abolishing the monarchy. With the Chogyal gone, nothing need-prevent India from annexing the kingdom.

An excuse for ;.i confrontation had been brewing since January 1975 when Nepal's King Birendra invited the Chogyal to his coronation on 24 February. Since Sikkim's traditional relations with Tibet, Nepal, and Bhutan were outside India's purview, Kathmandu sent the letter direct to Gangtok. But India, already aggrieved by the previous year's protests in the Nepalese capital, was again displeased. As a snub to Birenura, Mrs. Gandhi decided to send India's vice-president to Kathmandu, though the president himself had attended the coronation of King Jigme Singye Wangchuck of Bhutan, who attached far less importance to ceremony, the previous June. Now the external affairs ministry told the Nepalese ambassador, K. B. Malla, that under no circumstances should sovereign ourtesies be extended to the Chogyal; India's ambassador, Maharaj Krishna Rasgotra, repeating the warning in Kathmandu. This ticklish point had prevented the Chogyal from attending Birendra's wedding; similar controversy was averted in Thimpu only when the Bhutanese ingeniously agreed not to offend Indian susceptibilities by treating the Chogyal to modern Western honours like a gun salute, receiving him instead with ail the traditional Himalayan honours due to a reigning monarch-pennants, outriders, lamas, acd dancers with a musical accompaniment of conch shells, trumpets, and other instruments reserved for royalty.

But the palace was hesitant, informing Malla on 16 January that the crown prince might represent his father. Jigdal Densapa wrote again on 6 February, confirming acceptance and expressing the hope that the Chogyal would receive the courtesies due to a head of state. A telegram followed on 15 February, and Malla telexed back the same day-by way of the external affairs ministry and India House-that though the Chogyal would "be received and honoured in Nepal as a special personal guest [of the king]", he would be "accorded such status as is advised by the government of India." Ranjit Gupta, one of India House's political secretaries, sent on the reply to the palace. Gurbachan Singh was also provided with copies of all the correspondence with Malla, and of a letter that the Chogyal wrote (16 February) to King Birendra, accepting his invitation. The PO acknowledged receipt the following day, thanked the Chogyal for keeping him informed, and concluded by writing "I trust that Your Highness will have a good trip".

Nor was the local administration kept in the dark. Though not allowed to communicate with ministers, the palace followed its usual practice of circulating typed copies of the tour programme as soon as it was finalized on 15 February. The same day Densapa asked the chief executive to make the necessary travel arrangements and to see to it that Khorana provided an appropriate police escort. Lal had already been informed that Densapa, Rasaily (press, publicity, and culture secretary in addition to being auditor-general, and familiar with Nepaiese customs and protocol), the two Guards captains, Yongda and Chhetri, and a personal servant would accompany the Chogyal; he was subsequently told that the party would set out on 21 February. No objections were voiced until the morning of 21 February when the chief executive suddenly appeared at the palace, as the luggage and presents were being carried down to be loaded into vehicles, and a stream of relatives and retainers waited in the verandah with their khadas to say goodbye. Lal's initial demand was that Rasaily should not go sincs he was needed in Gangtok. When the Chogyal demurred at this unexpected order, he sprang another surprise: the cabinet objected to the trip and it would have to be cancelled altogether. The Chogyal pointed out that there had been ample time earlier to raise objections; it was too late now. His acceptance had been announced and he could not abruptly call off the visit at the last moment without inconveniencing the court of Kathmandu and himself losing face. Roughly warning him that if he insisted on going he would have to face the consequences, Lal strode out of the palace. What these consequences were, began to emerge when the royal party set out, Khorana in uniform sitting beside the Chogyal in his white Mercedes. Contd....

# सुल्झिनेभन्दा बल्झिँदैछन् छिमेक सम्बन्ध



डा. शास्त्रदत्त पन्त

किन बल्झिँदैछ छिमेक सम्बन्ध ?

सुल्झिन नसकेका नेपाल भारत उद्ययोग-व्यापार, सीमालगायतका अनेक समस्याहरू रहेका छन् ।

नेपालको आर्थिक उन्नति हुन नसक्नुको मुख्य कारण भूपरिवेष्ठितता हो । भूपरिवेष्ठित राष्ट्रले पाउने पारवहन अधिकार नपाउनु हो । नेपालको प्राकृतिक श्रोत सधन प्राय पकेट अर्थतन्त्रमा आधारित छ, त्यससंग मिल्दो उद्ययोग र व्यापार फष्टाउन तदनुरूपको उत्पादन र विक्रीवितरण गर्ने व्यवस्था चाहिन्छ । त्यो व्यवस्था मिलाउन नसक्नुमा मूलत: नेपालीहरूकै कमजोरी छ । विदेशी शिक्षामा हुर्केका नेपाली प्राज्ञ, कर्मचारी र राजनीतिकर्मी कसैले पनि नेपालको खाँचो नबुझी अलमल्लमा काम गरिरहेका छन् । अलमलले समस्या बढेको छ ।

तिर भारतको नियत ठुलो समस्याको रूपमा छ । भारतमा अझै पनि गोरा मानसिकता छ, छिमेकीलाई सताउने, शोषणगर्ने अतिक्रमण र विस्तार गर्ने र तथा होच्याउने दबाउने भावना छ । साना र गरीव छिमेकीबाट हरतरहले फाइदा मात्र लिन खोज्नुले यो क्षत्र फष्टाउनै नसक्नुको मुख्य कारण हो । नेपालले भूपरिवेष्ठित मुलुकले पाउनुपर्ने पारवहन र व्यापार सुविधा पाउन सकेको छैन, नेपालले लिन सकेको छैन ।

दक्षिण एसियामा जम्बु-काश्मिीर, नेपाल, सिक्किम र भूटानमात्र भूपरिवेष्ठित मुलुक थिए । जबमुकश्मीर र सिक्किम भारतले इण्डियामा मिलाई सक्यो । भूटानले परराष्ट्र र रक्षा व्यवस्था भारतलाई दिइ सक्यो । अव नेपालमात्र सग्लो स्वतन्त्र सार्वभौम राष्ट्र बाँकि भएकोले भारतको रक्षा, गुप्तचर र अन्य सबै निकाएर नेपाललाई हैरान गरेर अधिनस्त गर्ने रणनीतिक योजनामा तल्लिन भएको छ ।

अर्को नेपालको कमजोर पाटो केहो भने नेपालको उद्ययोग र व्यापार दुवै भारतीय र भारतीय मूलका हातमा छ । ती सबै यो वा त्यो कारणले शुद्ध नेपालीत्व भावनाले प्रेरित छैनन् । तिनलाई धन आए पुग्छ । तिनले एक रूपैयाँ कमाउन ९९ रूपैयाँ सत्ताधारीलाई घूश खुवाउँने गर्दछन् । नेपालको राजनीति यी व्यापारीले र ती व्यापारी भारतले चलाएमान गराउँछ ।

नेपाललाई भारतको १३१६ वर्ष लामो मुसलमान र गोराको शासनले पनि दबाउन नसकेको मुलुक हो । त्यसको बलियो कारण याहाँको राज संसथा हो । राजा महेन्द्र र राजा वीरेन्द्र वाहेक भारतका कतुत बिरूद्ध डटेर दवाउन सक्ने क्षमता कसैमा पनि देखिएन । त्यसकारण भारतले नेकाँ, नक्सालिष्ट र माओवादीलाई भाडाको सेना बनाएर भारतभूमिबाटै ती राजा विरूद्ध २०१८ देखि २०७२ सम्म निरन्तर लागिपऱ्यो । राजामाथि बम प्रहार गर्नेहरूनै भारतको बुई चढेर दरवारहत्यासम्म आइ पुगेपछि अव भारतको चाहना अनुसारका दललाई सत्तामा राखेर नेपाल गरीव बनाउने रणनीतिमा भारत तल्लिन छ । फुटाऊ र शासनगर नीति सशक्त छ ।

अर्थतन्त्रमा भारतीय हस्तक्षेप

नेपाल र भारतका सरकार प्रमुख, राष्ट्रप्रमुख बिषयबिज्ञहरूको निरन्तर आवत जावत हुन्छ, कुरा हुन्छ तर कहिल्यै काम हुँदैनन् । दु:ख दिने र सताउने आसयले बेलाबखत नाकाबन्दी गर्दछ भारतले । अराउँदा, हप्काउँदा पनि मानेन भने नाकबन्दीको हतियार प्रयोग गर्दछ । २०७२ को नाकबन्दी तेश्रो ठूलो हो । नेपाल-भारत सचिवस्तरीय अन्तर सरकारी समितिको बैठक ६-६ महिनामा नेपाल र भारतमा बस्ने गर्दछ । बैठकहरूले वेलावेलामा व्यापार, पारवहन र आर्थिक सहयोगबारे परिमार्जन गर्दै जाने प्रयास गर्दछ । द्विपक्षीय व्यापार सन्धिलाई व्यापारिक र आर्थिक क्षेत्रमा सुदृढ गर्ने उपाय खोजियो भन्दछ । तर, कहिल्यै नेपालले उपलब्धि हातपार्न सक्तैन । अन्तर-सरकारी सञ्चार सम्पर्कको अभावमा द्विपक्षीय सम्बन्धमा समस्या आउन सक्ने डरले मात्र नेपाल लतारिन्छ ।

वाणिज्य सन्धिअनुसार ६-६ महिनामा नेपाल-भारत अन्तरसरकारी समितिको बैठक बस्छ । उपलब्धि हीन हुने भएबाट त्यो राजस्वको व्यय जस्तो मात्र देखिन्छ, औपचारिकता मात्र देखिन्छ । नेपाल-भारतबीच वाणिज्य तथा पारवहन एवम् रेल्वे सम्झौता कार्यान्वयनका लागि बनेको हो । द्विपक्षीय मामिलामा उत्पन्न समस्या समाधान गर्ने उद्देश्यले यस समितिको बैठक बस्ने गरेको देखिन्छ ।

नेपाल-भारत द्विपक्षीय संयन्त्र सञ्चालन गर्न बेलाबेलामा विभिन्न स्तरमा दुई देशबीच छलफल र भेटघाट हुने गरेको देखिन्छ । यही सिलसिलामा दुवै देशका राष्ट्रपति, प्रधानमन्त्री र सरकारी संयन्त्रका विभिन्न स्तरमा एक-अर्का देशमा भ्रमण तथा छलफल गर्ने प्रचलन रहिआएको देखिन्छ । यस्ता दुवै देशबीच विभिन्न स्तर र विषयमा बैठक पनि बढी नै हुने गरेका छन् ।

भारतसँग भएको निकासी व्यापारको मूल्य र परिमाण सबभन्दा उच्चतम बिन्दुभन्दा तल झर्न नदिन यस्तो अन्तरसरकारी बैठक समय-समयमा बस्नु उपयुक्त नै हुन्छ । नेपाल-भारत व्यापार सन्धि (२००९) अनुसार नेपालबाट भारतमा निकासी गर्न मनाही गरिएका तीन वस्तु र परिमाणात्मक कोटामा भएका चार वस्तुबाहेक अरू सबै नेपाली वस्तु भारतमा निकासी गर्दा सहुलियतपूर्ण व्यवहार भनिए पनि ३० प्रतिशतको सम्मिश्रणले गर्दा नेपालको धेरै वस्तु ( दुई सयभन्दा बढी) मा भारतको अतिरिक्त भन्सार शुल्कको मारले नेपालको निकासी कहिलेकाहीँ त ठप्प नै बन्न जान्छ ।

नेपाल-भारतबीच जे-जस्ता व्यापार सन्धि भए पनि अद्यावधिक प्रावधान सकारात्मक रूपमा देखिएको अवस्थामा पनि भारतले नेपालबाट हुने पैठारीमा कहिले अतिरिक्त शुल्क लगाउने, कहिले समयअनुसार फरक प्रवृत्तिका नेपालको निकासीमा असर गर्ने खालका नपत्याउँदो प्राविधिक एवम् प्रक्रियागत अप्ठेरो सिर्जना गर्ने गरेको देखिन्छ ।

कहिले नेपालको कृषि, पशु, एवम् वन पैदावारसम्बद्ध उत्पादनलाई भारतीय प्रयोगशाला परीक्षणले त कहिले भारतमा आफ्ना केन्द्रीय र राज्य सरकारबीचको समन्वयको अभावले गर्दा पनि समस्या सिर्जना हुने गरेको छ । त्यसैगरी कहिले नेपाली निकासीजन्य वस्तुमा अन्तर्राष्ट्रिय मापदण्डको वास्ता नगरी भारतको एकाधिकारपूर्ण व्यवहारले समस्या खडा गरिरहेको हुन्छ ।

नेपाल-भारतबीचको व्यापार अन्तर्राष्ट्रिय मापदण्डबमोजिम पारवहन र भूपरिवेष्टित देशको सम्बन्धका आधारमा पालना गर्नँ दुवै देशको कर्तव्यभित्र पर्छ । उपर्यँक्त विचार अनुसरण गर्दा नेपाल-भारतबीचको व्यापारमा अवरोधहरू कायम भएकाले लगानीभन्दा बढी नेपाल-भारत बिचको प्रकृयामा खर्च हुन्छ । व्यापार प्रवाह विशेषत: नेपालको भारतमा निकासी पक्षलाई समेटी द्विपक्षीय व्यापार तथा लगानी विवाद व्यवस्थापन संयन्त्र बनाइएको हो । नेपालको निकासी भारतमा नजाने हो भने भारतीय लगानी नेपालका लागि के अर्थको हुन्छ र ? यस्ता मुद्दा काठमाडौंमा आयोजना हुने नेपाल-भारत अन्तर-सरकारी बैठकमा राखिनुपर्छ । साथै पारवहन मामिला लम्बिन गएमा विश्व व्यापार संगठनको प्रावधान खोतली आवश्यक कारबाही र क्षतिपूर्तितर्फ लाग्नसमेत आवश्यक देखिन्छ । तर भारतको विशाल अर्थतन्त्र भित्र स्पष्ट बाटो नभएको नेपालको ब्यापार त्यसै हराउँछ । घाटा बढ्दै गएको छ ।

भारत नेपालको सबभन्दा ठूलो व्यापारिक साझेदार हो । हाल नेपालको दुई-तिहाइभन्दा बढी व्यापार भारतसँगै हुने गर्छ । आर्थिक वर्ष सन् २०१२/१३ मा भारतबाट नेपालमा ३ सय ९८ अर्बको आयात र नेपालको भारतमा निर्यात ५२ अर्बका भएको देखिन्छ । आव सन् २०१५-१६ मा नेपालबाट भारतमा ३९.५ अर्बको निकासी र भारतबाट नेपालमा ४८३.३ अर्बको आयात भएको छ । नेपाल-भारत व्यापारमा नेपालको व्यापार घाटा ४४३.७ अर्ब रहेको छ । ७ वर्षअघि आठ महिनामा भारतसँगको व्यापार घाटा तीन खर्ब ८० अर्ब पुगेको थियो । अहिले त कहालीलाग्दो अवस्था छ ।

निर्यात भने २१ अर्ब ९२ करोड मात्र छ । वार्षिक १३३ हजार प्रतिव्यक्ति घाटा छ । विदेशबाट ल्याइने रेमिटेन्सले त्यो केही घटाउँछ तर सबै विदेशिएकोले देशभर खेतबारी बाँझो छ । यही अवस्था छोपेर सरकारले बाँझो राख्नेलाई ६ लाखसम्म जरिवाना र कैद गर्ने कानून बनाएको छ । विवेक र बुद्धिहीन यस्ता काम गर्नेबाट देश कसरी उभो लाग्छ र ? देश रसातलतिर झर्दोछ ।

साफ्टामा नेपालले पाएको सुविधा नेपाल-भारत व्यापार सन्धिमा समेटिनुपर्ने बताइएको छ । साफ्टाअन्तर्गत नेपालले कृषिजन्य वस्तु आयात गर्दा कर लगाउन पाउने प्रावधान रहेको भए पनि नेपाल-भारत व्यापार सन्धिअन्तर्गत कर लगाउन नपाउने व्यवस्था रहेको छ । यस्ता मुद्दालाई द्विपक्षीय बैठकमा उठाएर समाधान खोज्नु आवश्यक छ । यस्ता कुरा सत्ताधारीलाई पच्दैछ । किनकि सत्ताधारीहरू विदेशीको दलाली गर्छन् ।







# इस्लामावादमा पीटीआईको बिरोध– हिंसाको ट्रेल

*सुधीर चौधरी-* -



इमरान खानको नेतृत्वमा रहेको पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) ले बारम्बार विरोध प्रदर्शन र सार्वजनिक प्रदर्शनलाई राजनीतिक चालबाजीको औजारको रूपमा प्रयोग गर्दै आएको छ । नोभेम्बर २०२४ को विरोध वा आक्रमणले यस रणनीतिको निरन्तरतालाई चिन्हित गऱ्यो, आफूलाई प्रजातान्त्रिक अधिकारको रूपमा प्रस्तुत गर्दै तर पाकिस्तानको स्थिरतामा गणना गरिएको आक्रमणको रूपमा काम गर्दै । पाकिस्तान तहरीक(ए(इन्साफ (पीटीआई) ले आयोजना गरेको पाकिस्तानको राजधानी इस्लामावादमा हालैको जुलुस न वैध थियो न शान्तिपूर्ण । यो आक्रमण अवैध माग, सार्वजनिक माध्यमको प्रयोग, गलत प्राथमिकता, हिंसा र एक समन्वयित विकृति अभियान द्वारा विशेषता थियो । पीटीआईका कार्यहरूले हिंसा र प्रचारलाई राजनीतिक औजारको रूपमा प्रयोग गर्दै पाकिस्तान र देशको सरकारलाई अस्थिर बनाउने पूर्वनियोजित प्रयासलाई प्रतिनिधित्व गर्दछ । आफूलाई राज्य दमनको सिकारको रूपमा प्रस्तुत गरेर, पीटीआईले पाकिस्तानको विश्वव्यापी हैसियतलाई कमजोर पार्न खोज्यो । पीटीआईका मागहरूमा वैधानिकता र स्थिरताको अभाव थियो, जसले इमरान खानको रिहाइ र न्यायिक आदेशहरूको अवज्ञा जस्ता राजनीतिक लाभका लागि अराजकताको फाइदा उठाउने उनीहरूको वास्तविक उद्देश्य देखाउँदछ । इस्लामाबाद उच्च अदालतको आदेशको पालना गर्दै, इस्लामाबाद प्रशासनले साङ्जानी क्षेत्र 'इस्लामाबाद राजधानी क्षेत्रको सीमा भित्र' विरोध स्थलको रूपमा छुट्याएको थियो । इमरान खान सहित पीटीआईको नेतृत्वले सुरूमा यो व्यवस्थामा सहमति जनायो (पीटीआई नेतृत्वको सार्वजनिक बयान अनुसार) । तर, पूर्वप्रधानमन्त्रीकी पत्नी बुशराबीबीले कानुनी प्रतिबन्ध उल्लङ्घन गर्दै सार्वजनिक सुरक्षालाई खतरामा पार्दै रेड जोनमा रहेको डी-चोकतर्फ मार्च गर्न आग्रह गरिन् ।

नोभेम्बर २०२४ को हमला राजनीतिक गुनासोको शोषण गर्न पीटीआईको रणनीतिको निरन्तरता थियो । प्रजातान्त्रिक अधिकारको लुगा लगाएका यी कारबाहीहरू गम्भीर भ्रष्टाचार र अन्य आरोपहरूको सामना गरिरहेका इमरान खानलाई रिहा गर्न सरकारलाई दबाबका लागि गरिएको थियो । पीटीआईले बारम्बार इस्लामाबादमा घेराबन्दी गरेको छ, सुशासनलाई पक्षाघात गरेको छ । तिनीहरूको कार्यले व्यवसायहरू बन्द गर्न बाध्य पारेको छ, अदालतको कार्यवाही अवरूद्ध भएको छ, र कूटनीतिक नियोगहरू खतरामा परेको छ । सरकारी अधिकारीहरूले आफ्नो एजेन्डालाई अगाडि बढाउन पीटीआईको अराजकतामा निर्भर रहेको औंल्याएका छन् । पीटीआईको विरोधले लोकतान्त्रिक प्रक्रिया कमजोर पारेको छ ।

पीटीआई सँग २०१४ को धर्नादेखि ९ मे, २०२३ को राष्ट्रव्यापी हिंसा सम्म, शासनलाई पक्षाघात गर्न आक्रमणहरू प्रयोग गर्ने दस्तावेजी इतिहास छ । यी कार्यहरूले बारम्बार पाकिस्तानको लोकतन्त्र, संस्थाहरू र अर्थतन्त्रमा ठूलो मूल्य चुकाएको छ । पीटीआईको कार्यले पाकिस्तानको कूटनीतिक संलग्नतालाई बाधा पुऱ्यायो र एक स्थिर राष्ट्रको रूपमा यसको प्रतिष्ठालाई खतरामा पार्यो । बेलारूसी राष्ट्रपति लुकाशेन्को र उच्च स्तरीय चिनियाँ प्रतिनिधिमण्डलको भ्रमणको क्रममा विरोध प्रदर्शनको समय संयोग थिएन । पीटीआईले पाकिस्तानलाई अस्थिर र अप्रशासितको रूपमा प्रस्तुत गर्ने लक्ष्य राखेको थियो ।

नोभेम्बर २०२४ को विरोध कुनै अपवाद नभएको पीटीआईको आक्रमणले लगातार पाकिस्तानमा भारी आर्थिक लागत थोपरेको छ । तीन दिने आन्दोलनले करिब रू ५७० बिलियन आर्थिक घाटा, लगभग २ बिलियन डलर । इस्लामाबाद र रावलपिंडीमा व्यापारिक गतिविधि ठप्प भयो, जसले गर्दा अभाव र मुद्रास्फीति बढ्यो, जसले आम नागरिकलाई थप भार पाऱ्यो । एक समयमा जब पाकिस्तानको अर्थतन्त्र सुधारको संकेत देखाउँदै थियो, मुद्रास्फीति छ वर्षको न्यूनमा र विदेशी लगानी बढ्दै गएको थियो, पीटीआईका कार्यहरूले प्रगतिलाई पटरीबाट हटायो । यी आन्दोलनहरू सरकारको आर्थिक उपलब्धिलाई कमजोर पार्ने र राज्यको असफलताको कथा सिर्जना गर्ने हिसाबकिताब थियो । नोभेम्बरको विरोध हिंसा र अराजकताद्वारा चिन्हित थियो, शान्तिपूर्ण प्रदर्शनको पीटीआईको दावीको विरोधाभास । पीटीआई प्रदर्शनकारीहरूले पुलिस र रेंजर्सलाई आक्रमण गरे, जसको परिणामस्वरूप छ जनाको मृत्यु भयो र कानून प्रवर्तन कर्मचारीहरू बीच २०० भन्दा बढी घाइते भए । सवारीसाधनमा आगजनी गरियो, सार्वजनिक सम्पत्तिमा तोडफोड गरियो । गम्भीर उत्तेजनाको बावजुद, एलइएस ले गैर-घातक माध्यमहरू प्रयोग गर्न कडा आदेशहरू पालना गरे, पीटीआई को 'नरसंहार' को दावीलाई अस्वीकार गर्दै । पीटीआईको कार्यप्रति सरकारको प्रतिक्रिया संवैधानिक र कानुनी प्रावधानहरूमा दृढतापूर्वक आधारित थियो । उच्च अदालतको निर्देशनले सरकारको दृढ अडानलाई जायज ठहरायो । पीटीआईको बिरोधले आतंकवाद विरोधी कानून र संवैधानिक प्रावधानहरूको उल्लङ्घन गरेको छ । सरकारले हिंसा र तोडफोडका लागि जिम्मेवार व्यक्तिलाई न्यायको सामना गर्ने सुनिश्चित गरेको छ । पीटीआईको मृत्युको दाबी अप्रमाणित रहन्छ । कुनै विश्वसनीय प्रमाणहरू (जस्तै पोस्टमाप्स, प्रत्यक्षदर्शी खाताहरू, वा मेडिकल रिपोर्टहरू) यी आरोपहरूलाई समर्थन गर्दैन । वैध दावीहरूको छानबिन गर्न सरकारको खुलापनले यसको पारदर्शितालाई हाइलाइट गर्दछ, पीटीआईको प्रचारमा निर्भरताको विपरीत ।

धारा २४५ अन्तर्गत सेनाको तैनाथी मुख्य प्रतिष्ठानहरूको सुरक्षाको लागि मात्र थियो, दंगा नियन्त्रणमा कुनै संलग्नता थिएन । प्रहरी र रेन्जर्सले सरकारी निर्देशनको पालना गर्दै प्रदर्शनकारीहरूलाई तितरबितर गर्न गैर-घातक माध्यम प्रयोग गरे । पीटीआईको गलत सूचना अभियानको उद्देश्य जनमतलाई हेरफेर गर्ने र अन्तर्राष्ट्रिय सहानुभूति प्राप्त गर्ने थियो । पीटीआईको कथा झूट र हेरफेर मिडियाको आधारमा बनाइएको थियो । अन्तर्राष्ट्रिय सहानुभूति हासिल गर्दै सरकारलाई बदनाम गर्ने उद्देश्यले यो भ्रम फैलाउने अभियान हो ।

पीटीआईको नोभेम्बर २०२४ को विरोध र आक्रमण प्रजातान्त्रिक अभ्यास थिएन । पाकिस्तानलाई अस्थिर पार्ने एउटा गणना गरिएको प्रयास थियो ।

कानुनी र नैतिक सिद्धान्तहरूमा पीटीआईलाई आफ्ना कार्यहरूका लागि जवाफदेही बनाउनु आवश्यक छ । पाकिस्तानको पुनर्निर्माण जारी रहँदा, अन्तर्राष्ट्रिय समुदायले पीटीआईको विकृत सूचना अभियानलाई चिन्ने र त्यसको प्रतिरोध गर्न आवश्यक छ । राज्यले त्यस्ता कार्यहरूलाई गर्न दिन सक्दैन ।

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८१ पुस २, Dec. 17, 2024





अन्तिम पातो - शाश्वत शर्मा

## राज कदमको प्रतिक्षा

यो आलेख लेख्दासम्म पूर्वराजा बाँके, बर्दिया, दाङलगायतका क्षेत्रको भ्रमणमा हुनुहुन्छ । स्थानीय जनताले भव्य स्वागत गरिरहेका छन् । मानौं भविष्य राजामामात्र देखिरहेका छन् । पूजापाठ, पुराण श्रवण, स्थानीयसँग भेटवार्तामा पूर्वराजा निकै घुलमिल भइरहेको देखिन्छ । पूर्वराजाले आमनागरिकको दुःख, पीडा, दर्द, कुशासन बुझ्ने र देख्ने अवसर पाएको अनुभूति हुन्छ । हिजो गल्ती गरेका जनताले प्रायश्चित्तको मौका पाएका छन् । हिजोदेखिको राजपरम्परा अहिले पनि जारी नै देखिन्छ ।

प्रश्न छ, परम्परा धानेरमात्र राष्ट्रिय समस्या समाधान हुन्छ त ? संसद पुनर्स्थापना र गणतन्त्र कार्यान्वयनपछि यसरी नै पूर्वराजाले देशाटन गर्ने गरेको देखिन्छ । जनताका साथमा र सडकमा हिडेको, भेटघाट गरेको पनि देखिन्छ । जनताले राजा देख्ने, राजाले जनता भेट्ने, यत्तिले जनताको दैनिकी पीडाको निदान कसरी हुन्छ ? गणतन्त्रका नाममा सिंहदरवार कब्जा गरेर बसेकाहरूले मुलुक नै सिध्याउने अवस्था आइसक्यो । गैंडाका छालाजस्ता भएका छन्, भ्रष्ट अपराधी काखी च्यापेर बसेका शासकहरू । जनताले अभिनन्दन गर्दा होस् अथवा पर्वपर्वका सन्देशमा, पूर्वराजाले जनता र देशका समस्या बोलेका छन् । बोल्दा साझा सहमतिबाट अगाडि बढाउने प्रस्ताव पनि गरेको देखिन्छ तर यी भ्रष्ट जुकाहरूलाई सहमति र सहकार्य मन परेन । निषेध र विभेदको अन्त्य यिनलाई स्वीकार भएन । जनताले भ्रष्टमाथि कारवाही खोजेका छन्, अव्यवस्थाका प्रत्येक कारणको निदान मागेका छन् । पीडा दिनेलाई कारवाही हुनुपर्छ भनेका छन् । प्रत्येक नेपालीले देशमा बस्ने वातावरण हुनुपर्छ भनेका छन् । बिकल्प नदेखेपछि के गर्ने, चुनाव आउँछ, नागरिक तिनै भ्रष्टलाई मतदान गर्न बाध्य हुन्छन् ।

नयाँ भनिएका दलबाट आशा देखिएन । युवा भनिएका एकाध नेता पनि उही ड्याङका मूलाजस्ता बने । पुराना ठूला भ्रष्ट, नयाँ साना भ्रष्ट । पूर्वराजा जनताका सामु जान्छन्, पीडा सुन्छन् र फर्किन्छन् । दलहरू जनतासामु जाँदैनन्, जनताका लागि लोकतन्त्र बचाइदिएको, कार्यान्वयन भएको गुड्डी हाँक्छन् । आन्दोलन भनिन्छ, एकदिने आन्दोलन गरेर पानीका फोक फुटेजसरी हराउँछन् । चाहिएको दह्रो आन्दोलनको हो । त्यस्तो आन्दोलन कतै देखिदैन । जनताले चाहे के हुँदैन । बिद्रोह हुन्छ, श्रीलंकामाजस्तो, बंगलादेशमा जस्तो जनविद्रोहले परिवर्तन ल्याउन सक्छ । त्यस्तो परिवर्तनको सम्भाबना अब न्यून बनेको छ, कारण आन्दोलनको नेतृत्व कसैले लिन सकेनन् । परिववर्तनको बिकल्प भनेको जनविद्रोह, चुनाव र सैनिक शासन नै हो । चुनावबाट परिवर्तनकारीले दुई तिहाइ मत ल्याउन सम्भव नै छैन । जनविद्रोह हुनसक्दैन भने बिकल्प सेनाले कब्जा गर्ने हो । नेपाली सेनाले पटक पटक भनेको छ- संविधानअनुसार चल्छ । संविधान यिनै भ्रष्टको पृष्ठपोषक भइदिएपछि कसरी अर्को परिवर्तन आउँछ ।

स्थिति यस्तो छ कि लोकतन्त्र र संविधान असफल भइसक्यो । जनतामा चरम निराशा छ । प्रत्येक युवा विदेश पलायन हुनचाहन्छ । देशभित्र कुशासन छ, भ्रष्टाचार छ, अपराधीको हैकम छ । न्याय छैन । अन्याय बढेको छ । जनताको आँखामा १८ वर्ष छारो हालेपछि असफल र अकर्मण्य नेताहरू संविधान संशोधनको नयाँ पासा फालेर जनतालाई भ्रमित पार्ने प्रयासमा लागेका छन् । सिधैराष्ट्रपतिको निर्वाचनको हल्ला पनि फैलाएका छन् । जनतालाई भुलभुलैयामा पारेरै देश लुटिरहने चाँजोपाँजोयिनको चालबाजी हो । यो नेतृत्व र यिनका भ्रष्ट नैतिकहीन चरित्रबाट वाक्क भइसकेका जनताहरू यिनले फैलाएका अनेकविधि हल्लाबाट आजित भइसकेका छन् । जनताले गरून् त के गरून् ? जनतालाई पार्टी पार्टीमा बिभाजित पारिएको छ । असंगठित जनताले संगठित बिद्रोह गर्नसक्ने स्थिति छैन । यसैबाट दल र दलीय नेताहरूले लाभ उठाएका छन्, देशलाई भ्रष्टाचारको दलदल बनाएका छन् । परिवारवाद चलाएका छन् ।

जनता पीडित छन् देश संकटमा छ । राजा पनि नबोल्ने, केही गर्ने सुरसार पनि नझिक्ने, षडयन्त्र र जालझेलमा माहिर यी नेताहरू जनतालाई खेलौना बनाएर खेलाइरहन प्रयास गरिरहने । यिनका नौरंगी आश्वासनको बाढीमा बग्न जनतालाई बाध्य पार्ने यिनका साजिस चलिरहेकै छन् । यसकारण पनि राजाले अब आफ्ना पुर्खाले आर्जेको मुलुकलार्य जोगाउन केही त गर्नैपर्छ । ढिलाई गर्न मनासिव देखिदैन । जनता बिद्रोहका लागि तैयार छन् । बिद्रोह गर्न अग्रसर नेतृत्व छैन, बिद्रोहपछि के गर्ने, कार्यक्रम छैन । आन्दोलन, आन्दोलनपछि मुलुकले पाउने सुशासन दिने व्यक्ति वा संस्था जागरूक देखिदैनन् । अबको नेपालको भाग्य र भविष्य भनेको राजा र आमजनता नै हुन् । फेरि पनि भनौं, अब पूर्वराजाले जिल्ला जिल्ला घुम्नेमात्र होइन, जनता र देशको अवस्था सबै बुझ्ने काम भइसकेको छ । यो समय मैदानमा उत्रनुपर्ने समय हो । जनता आशलाग्दो अनुहार लिएर राजातिर हेरिरहेका छन् । बुझौं ।

# कालापानी, लिपुलेक, लिम्पियाधुरा नेपालको संविधानमा, भारतको नक्सामा छ

लिपुलेक, कालापानी, लिम्पियाधुरा नेपालको संविधानमा छ, भारतको नक्सामा छ । नेपाल र भारतका वीचको यो सीमा विवादबारे सरकार बोल्दैन, संसदमा बहस हुँदैन । पाठ्यक्रममा छैन, नोटमा छाप्ने भनिएको बिबादले भारत नेपालप्रति आक्रोसित छ ।

हालै प्रम केपी ओली चीन पुगेर बीआरआई कार्यान्वयनको सहमति गरेर आए, १० ठूला आयोजना आउने भयो । तर बीआरआईको कनेक्टिभिटीले नेपालको भूराजनीतिलाई तरङ्गित पार्‍यो, भूगोलका बारेमा बोलेन ।

चीन, भारत र नेपालवीचको त्रीपक्षीय सीमा पनि हो यी क्षेत्र । यी क्षेत्रको नक्सा चीनसँग छ । सधैं भारतसँग सम्बन्ध सुधार गर्नुपर्छ भन्ने, नेपालमा खुलेरै पसिसकेको चीनले नेपालको सीमाका बारेमा पनि स्पष्ट पारिदिनुपर्ने हो । असल छिमेकीको धर्म पनि थियो । दक्षिणको छिमेकी सीमा मिच्ने, भूभाग नै खाइदिने, उत्तरको छिमेकी आफ्नो रणनीतिमा नेपाललाई सहयोग गर्दै सामेल गराउने । यसरी नेपाल भूराजनीतिको भूमरी त पर्छ, शान्ति, समुन्नतिका साथ सार्वभौमिकता कसरी बचाउन सक्छ ?






अहिले त नेपालमा विश्वशक्ति नै भित्रिसकेको छ । विश्वशक्तिसँग सन्तुलन मिलाएर अघि बढ्ने शक्ति र सामल, सामर्थ्य नेपालसँग छैन । पहिले विश्व सम्मान जुन आर्जन गरेको थियो, त्यो संचिती नेपालले गुमाउँदै गएको छ । विश्वको राडारमा परिसकेको नेपालमा लोकतन्त्रलाई परिवारतन्त्र, भ्रष्टतन्त्र बनाउने र परराष्ट्रनीतिलाई स्वार्थको घोलमा घुलित बनाउने राजनीतिले राष्ट्रको हैसियतलाई कमजोर पारिदिएका छन् ।

विसं २०७६ कार्तिक १६: भारतले जम्मू-कश्मीर र लद्दाखलाई केन्द्र शासित प्रदेश बनाएपछि जारी भारतको नयाँ नक्सामा लिम्पियाधुरा-कालापानी समावेश गरेको हो ।

चुच्चे नक्सा नेपालको, हैकम भारतको हुनपुगेको हो । ती नेपाली भूभागमा भारतीय केन्द्र शासनले अनेक योजना पनि लागू गरिसकेको छ ।

विसं २०७६ कार्तिक २०: कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने विषयमा नेपाल सरकार स्पष्ट रहेको परराष्ट्र मन्त्रालयको विज्ञप्ति निकाल्यो, भारतलाई कूटनीतिक नोट दियो तर भारतले आजसम्म वास्ता गरेको देखिदैन । ती भूभाग भारतको दावी गर्दै आउँदा नेपालले प्रमाण पछार्न सकेन ।

विसं २०७६ कार्तिक २१: भारतको विदेश मन्त्रालयले आफ्नो नयाँ नक्सामा नेपालसँगको सीमामा कुनै हेरफेर नगरेको भनाइ आयो, भारतका विदेशमन्त्री एस जयशंकर र रक्षामन्त्री राजनाथले समेत ती क्षेत्र भारतको भनेका छन् ।

विसं २०७६ मङ्सीर ३: भारतको नयाँ नक्साबारे भारत सरकारलाई कूटनीतिक नोट पठाउँदै सुगौली सन्धि अनुसार काली (महाकाली नदी) पूर्वको लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको भूमि भएको कुरा पुनःस्मरण गराइएको नेपालको परराष्ट्र मन्त्रालयको भनाइ छ । त्यो भनाइपछि नेपालको संसदमा कहिले बहस भएन ।

विसं २०७७ वैशाख २६: भारतका रक्षामन्त्री राजनाथ सिंहद्वारा नेपालले दाबी गरेको धार्चुला-लिपुलेक क्षेत्रमा निर्मित तिब्बतमा रहेको कैलाश मानसरोवर जोड्ने सम्पर्क सडक सञ्जालको भिडिओ कन्फरेन्समार्फत् उद्घाटन गरे, ती क्षेत्र भारतको दावी गरे ।

२०७७ वैशाख २७: सडक निर्माण गर्ने एकतर्फी गतिविधि प्रधानमन्त्रीका तहमा समेत गरी दुई देशबीच भएका समझदारी विपरीत रहेको नेपालको भनाइ छ । विसं २०७७ वैशाख २७: भारतको विदेश मन्त्रालयले सडक सञ्जाल उत्तराखण्ड राज्यको पिथौरागढ जिल्लामा पर्ने भारतीय सीमा भित्रै रहेको प्रतिक्रिया दिएपछि नेपालको मौनता भङ्ग भएको छैन । नेपाली नेताहरू भारत रिसाउँछ भन्ने हिनताबोधमा रहेका छन् ।

नेपालले २०७७ जेठ ७ मा नेपालले कालापानी, लिम्पियाधुरा र लिपुलेक भएको नेपालको आधिकारिक नक्सा जारी गरेको र २०७७ जेठ ३१ मा नयाँ नक्सा संविधान संशोधन विधेयक प्रतिनिधि सभाबाट पारित गरिएको थियो । नेपाल कागजी घोडा दौडाएर बसेको छ । भारतीय शासन नेपाली भूभागमा छ । २०७७ असार ४ मा नयाँ नक्सा संविधान संशोधन विधेयक राष्ट्रिय सभाबाट पारित गरेर तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणित गरेक थिइन् ।

तर भारतले नेपालको संसदको निर्णयलाई अस्वीकार गरेको नोट पठाएको थियो । त्यसको प्रतिकार हुनसकेन ।

भारतले हेप्नेक्रम जारी छ । सीमा मिच्ने, सीमामा लक्ष्मणपुर, खुर्दलोटनजस्ता बाँध बनाएर नेपालमा डुबान गरिदिने काम पनि गरेकै छ । दलीय सरकार, नेता र पार्टीहरू भारतीय अतिक्रमण देख्छन्, टुलुटुलु हेर्छन्, जिब्रो तालुमा टाँस्छन् । बोल्दैनन् । नेपालको दार्चुला खलङ्गा र भारतको धार्चुला जोड्ने पुलमुनी महाकालीको बगर मिचेर भारतले पक्की तटबन्ध बनाइसक्यो । भारतले महाकालीको धार परिवर्तन गर्ने कुनियतले तटबन्ध बनाइसक्यो । सीमाका जनता बिरोध गर्छन्, सिंहदरवार टुलुटुलु हेर्छ मात्र ।

सिंहदरवादेखि शितल निवाससम्म, ठूला पार्टीदेखि निर्वाचित सांसदहरूले यो ज्यादतिबारे बोल्दैनन् । यति गम्भीर मामिला एउटा प्रजिअ अथवा एसपीले सुल्टाउन सक्ने विषय थिएन, कूटनीति चलेन, राजनीति मौन बस्छ ।

यो कस्तो लोकतन्त्र हो ?

नागरिक समाज कहाँ छ ? मानवाधिकारवादी र विवेक भएकाहरू किन मौन छन् ?

भारतका विदेशमन्त्री जयशंकर भनिरहेकै छन्- कालापानी क्षेत्र भारतको हो, महाकालीमा भइरहेको निर्माण पनि भारतको हकभोगकै हो ।

सीमा विवादका सम्बन्धमा भारत नेपालसँग वार्ता गर्न तैयार छैन । नेपालको स्थिति काग कराउँदैछ, पिनासुक्दैछ जस्तो छ ।

महाकाली क्षेत्रमा भारतीय सुरक्षाकर्मी, प्रशासनले नेपालीमाथि मानसिक र शारीरिक दमन बढाएका छन् । बोल्नेमाथि दमन गरेका छन् ।सीमासमस्यालाई लिएर नेपालले जति पत्राचार गरे पनि भारतले सुनेको छैन । सीमा मिच्ने, अनधिकृत काम गर्ने, सीमावासीमाथि पशुवत व्यवहार गर्ने भारतीय हैकम बढ्दै गएको छ ।

सुशासन, लोकतन्त्र, जनताप्रति जिम्मेवार हुने, शान्ति र सार्वभौमिकताको रक्षा गर्ने, राष्ट्रिहितमा चट्टान भएर उभिने भनेर चुनाव जितेकाहरू, शासनमा पुगेकाहरू स्वार्थको दलदलमा अल्झिएर कालापानी, लिम्पियाधुरा, लिपुलेकमा भइरहेको भारतीय ज्यादतिबारे नबोल्नु ठूलो राष्ट्रघात हो ।

- *डा.बिनिता*

## चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

